# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७९
# रुरु गाउँपालिका
# गुल्मी




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने ।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

## गन्तव्य (Mission)

देशमा स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| स्वतन्त्रता | (Independence) |
| निष्ठा | (Integrity) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |
| व्यावसायिकता | (Professionalism) |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरूमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ । आर्थिक वर्ष २०७७/७८ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय स्रोत व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्चको बाहुल्यता रहेको लगायत छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, लागत अनुमान तथा आयोजना तयारीमा अत्यधिक रुपमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरूप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, अधिकांशको बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछ्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजू उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ आषाढ **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal
(प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, लुम्बिनी प्रदेश)

पत्र संख्याः २०७८।७९
च.नं. १५५ मितिः २०७९।३।२३

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
रुरु गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
गुल्मी।

**कैफियत सहितको राय**

हामीले रुरु गाउँपालिकाको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. रुरु गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू. ४ करोड ४३ लाख १ हजार बेरुजू देखिएको छ। सोमध्ये मिति २०७९।२।२४ मा प्राप्त प्रतिक्रियाबाट रू.४८ लाख ३७ हजार फस्र्यौट भई बाँकी बेरुजू असुल गर्नुपर्ने रू.२२ लाख ७ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. १ करोड ४३ लाख ३३ हजार र नियमित गर्नुपर्ने रू. २ करोड २९ लाख २४ हजार रहेको छ ।पालिकाको गतवर्ष रु १ करोड ९२ लाख ५२ हजार बेरुजू बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फछ्र्यौट एवं यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू ५ करोड ७३ लाख ६६ हजार रहेको छ । पालिकाको **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थिति यसैसाथ संलग्न छ ।**
३. रुरु गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।नगर/गाउँ कार्यपालिका, नगरप्रमुख/अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(नारायण मरासिनी)
नायब महालेखापरीक्षक

Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328
Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oag.gov.np

# रुरु गाउँपालिका

## बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

## २०७७।७८

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ८४ | ५३ | ४४३०१ | ० | ८ | ४८३७ | ८४ | ४५ | ३९४६४ | २२०७ | २२९२४ | १४३३३ | ० | ० | ३७२५७ | ० |

## अद्यावधिक बेरुजू स्थिति

## २०७७।७८

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| गुल्मी | १९२५२ | ० | १३५० | १७९०२ | ० | ३९४६४ | ५६३६६ |



# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : रुरुक्षेत्र गाउँपालिका, गुल्मी , रुरु गाउँपालिका , गुल्मी

| **पद** | **नाम** | **कार्यकाल सुरु मिति** | **कार्यकाल समाप्त मिति** |
|---|---|---|---|
| कार्यालय प्रमुख | छत्र बहादुर अधिकारी | २०७८-१-३ | |
| कार्यालय प्रमुख | चेतनाथ गिरी | २०७५-५-१८ | |
| कार्यालय प्रमुख | मधुकृष्ण पौड्याल | २०७८-५-२ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | मनिश पाण्डे | २०७६-८-२० | |
| | | **बेरुजु रकम** | ४४,३०१,१६६ |

स्थानीय तह :


https://nams.oag.gov.np

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | ६,४१,४९,६३६.०५ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ३७,१८,७६,९०६ | चालु खर्च | ३३,५८,०४,६०३.१३ |
| प्रदेश सरकारबाट अनुदान | ४,५७,२१,००० | पूँजीगत खर्च | १४,१४,८८,०४०.४३ |
| राजश्व बाँडफाँट | ६,९०,०४,५१४.८४ | वित्तीय/अन्य व्यवस्था | ४,९५,९९,१०१.०६ |
| आन्तरिक आय | १,५२,९९,२७७.९३ | | |
| अन्य आय | ९,०७,५४,६७४.९१ | | |
| कुल आय | ५९,२६,५६,३७३.६८ | कुल खर्च | ५२,६८,९१,७४४.६२ |
| बाँकी मौज्दात | | १२,९९,१४,२६५.११ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| १ | | | **परिचय**<br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस रुरु क्षेत्र गाउपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रबर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस पालिकाको उद्देश्य रहेको छ । यस रुरु क्षेत्र गाउँपालिका अन्तर्गत ६ वडा, ३२ सभा सदस्य, ६७.३७ वर्ग किलोमिटर क्षेत्रफल तथा २३ हजार १५५ जनसंख्या रहेको छ ।<br><br>कार्यालयको आ.व. २०७७।७८ को प्रस्तुत आर्थिक विवरण र सो सँग सम्बन्धित आर्थिक कारोवारको कार्यालयले पेश गरेको श्रेस्ताको विस्तृत लेखापरीक्षण योजना एवम् कार्यक्रम, व्यवस्थापन प्रतिनिधित्वपत्र र आन्तरिक लेखापरीक्षण प्रतिवेदन समेतका आधारमा लेखापरीक्षण गरिएको छ । लेखापरीक्षण गर्दा जटिल प्राविधिक विषय, सिमित समय, कमजोर अभिलेख एवम् सुचनाको अपर्याप्तताको सिमा भित्र रहि लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोरा उपर कार्यालयका सम्बद्ध पदाधिकारीहरुसँग मिति २०७९/१/१.... मा छलफल गरी छलफल पश्चात कायम भएका व्यहोराहरु निम्नानुसार छन् । | |
| २ | | | **वित्तिय व्यवस्था**<br>सुत्र सफ्वेयरबाट जारी वित्तीय प्रतिवेदन निम्नानुसार रहेको छ। | |

| प्राप्ती भुक्तानी हिसाव | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| विवरण | टिप्पणी | यस वर्ष रु. | | | | गतवर्ष रु. | | |
| | | बजेट | आफैले गरेको प्राप्ति/ भुक्तानी | वस्तुगत/ सोझै भुक्तानी | जम्मा | आफैले गरेको प्राप्ति/ भुक्तानी | वस्तुगत/ सोझै भुक्तानी | जम्मा |
| प्राप्ती (क+ख) | | ५३,५४,४९,३१६.२४ | ५२,४२,९९,७६९.५५ | | ५२,४२,९९,७६९.५५ | ४१,३५,६५,५७५.३७ | | ४१,३५,६५,५७५.३७ |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | | ५१,५९,९०,९३१.३७ | ५०,१९,०१,६९८.७७ | ० | ५०,१९,०१,६९८.७७ | ४१,०३,५१,८४८.३७ | ० | ४१,०३,५१,८४८.३७ |
| ११००० कर | ११ | ६,४९,७१,२०० | ५,९८,९९,८१०.५५ | ० | ५,९८,९९,८१०.५५ | ४,५०,३८,५३६.३७ | ० | ४,५०,३८,५३६.३७ |
| १३००० अनुदान | | ४३,००,१७,२१९.०८ | ४१,७५,९७,९०६ | ० | ४१,७५,९७,९०६ | ३४,६७,६६,९३० | ० | ३४,६७,६६,९३० |
| संघीय सरकार | १२ | ३८,१९,३६,७०६.०८ | ३७,१८,७६,९०६ | ० | ३७,१८,७६,९०६ | ३१,१४,३६,९३० | ० | ३१,१४,३६,९३० |
| प्रदेश सरकार | १२ | ४,८०,८०,५१३ | ४,५७,२१,००० | ० | ४,५७,२१,००० | ३,५३,३०,००० | ० | ३,५३,३०,००० |
| १४००० अन्य राजस्व | | २,१०,०२,५१२.२९ | २,४४,०३,९८२.२२ | ० | २,४४,०३,९८२.२२ | १,८५,४६,३८२ | ० | १,८५,४६,३८२ |
| ख. अन्य प्राप्ति | | १,९४,५८,३८४.८७ | २,२३,९८,०७०.७८ | | २,२३,९८,०७०.७८ | ३२,१३,७२७ | | ३२,१३,७२७ |
| वितरण गर्न बाकी राजस्व | | ० | ० | ० | ० | ० | ० | ० |
| कोषहरु | | १,९४,५८,३८४.८७ | १,९९,६६,३५४.८७ | ० | १,९९,६६,३५४.८७ | ० | ० | ० |
| धरौटी | | ० | २४,३१,७१५.९१ | ० | २४,३१,७१५.९१ | ३२,१३,७२७ | ० | ३२,१३,७२७ |
| संघीय, प्रदेश सरकार वा | | ० | ० | ० | ० | ० | ० | ० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| अन्य कार्यक्रम | | | | | | | | |
| भुक्तानी (ग+घ) | | ५४,७३,७२,६९९.७४ | ४०,३५,६३,७६१.५६ | | ४०,३५,६३,७६१.५६ | ३१,६७,७२,३२७.३८ | | ३१,६७,७२,३२७.३८ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | ५२,७९,१४,३१४.८७ | ३९,३२,६३,८०४.१२ | | ३९,३२,६३,८०४.१२ | ३१,५०,६८,९३९.३८ | | ३१,५०,६८,९३९.३८ |
| २१००० पारिश्रमिक / सुविधा | १८ | १७,९६,१७,००० | १७,१९,१८,१२१.३६ | ० | १७,१९,१८,१२१.३६ | १६,४५,८३,६०५.९६ | ० | १६,४५,८३,६०५.९६ |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | ९,१३,८४,७६७.२९ | ६,६५,९५,८७३.२५ | ० | ६,६५,९५,८७३.२५ | ५,८१,५५,०२५.५२ | ० | ५,८१,५५,०२५.५२ |
| २५००० सहायता (Subsidy) | १८ | १०,००,००० | ९,५६,५१७ | ० | ९,५६,५१७ | १८,६३,५०४ | ० | १८,६३,५०४ |
| २६००० अनुदान | १८ | ० | ० | ० | ० | ५२,९७,२६२.२० | ० | ५२,९७,२६२.२० |
| २७००० सामाजिक सुरक्षा | १८ | २,७१,३८,००० | १,४२,११,७४३.४२ | ० | १,४२,११,७४३.४२ | ५६,४३,६६९ | ० | ५६,४३,६६९ |
| २८००० अन्य खर्च | १८ | ५७,७०,००० | २८,२१,३४५.६६ | ० | २८,२१,३४५.६६ | १४,३४,६९९.९० | ० | १४,३४,६९९.९० |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | २२,३०,०४,५४७.५८ | १३,६७,६०,२०३.४३ | ० | १३,६७,६०,२०३.४३ | ७,८०,९१,१७२.८० | ० | ७,८०,९१,१७२.८० |
| घ. अन्य | | १,९४,५८,३८४.८७ | १,०२,९९,९५७.४४ | | १,०२,९९,९५७.४४ | ३१,६७,७२,३२७.३८ | | ३१,६७,७२,३२७.३८ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| भूक्तानी | | | | | | | | |
| कोषहरु | | १,९४,५८,३८४.८७ | ९३,६४,१८६ | ० | ९३,६४,१८६ | ० | ० | ० |
| धरौटी | | ० | १०,७९,६०४ | ० | १०,७९,६०४ | १७,०३,३८८ | ० | १७,०३,३८८ |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० |
| कट्टी रकम भुक्तानी/ दाखिला गर्न बाकी | | | (१,४३,८३२.५६) | | (१,४३,८३२.५६) | | | |
| ङ. यो वर्षको बचत (न्युन) | | (१,१९,२३,३८३.५०) | १२,०७,३६,००७.९९ | | १२,०७,३६,००७.९९ | ९,६७,९३,२४७.९९ | | ९,६७,९३,२४७.९९ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | ५,७३,९५,७५४.६८ | | ५,७३,९५,७५४.६८ | २,०४,१०,४७५.७८ | | २,०४,१०,४७५.७८ |
| वर्षान्तको बाकी रकम (ङ + च) | | (१,१९,२३,३८३.५०) | १७,८१,३१,७६२.६७ | | १७,८१,३१,७६२.६७ | ११,७२,०३,७२३.७७ | | ११,७२,०३,७२३.७७ |

कार्यालयले तयार गरेको आय व्यय र सूत्र प्रणालीबाट तयार आम्दानी खर्चको विवरण अनुसार देहायको कैफियत देखिएका छन् ।

I. सुत्र प्रणाली अनुसारको प्राप्ति भुक्तानी हिसाव अनुसार गत वर्ष २०७७ आषाढ मसान्तको मौज्दात रु ११,७२,०३,७२३.७७ रहेकोमा यो वर्ष २०७७ श्रावणको शुरु मौज्दात जिम्मेवारी रु.५,७३,९५,७५४.६८ सारेकोले रु ५,९८,०७,९६९।०९ घटी जिम्मेवारी सारेको देखिएको कारण उल्लेख नगरेकोले एकिन गर्नु पर्दछ ।

II. एकिकृत आय व्यय विवरणमा यस बर्षको कुल आय रु.५९,२६,५६,३७३।६८ रहेकोमा सुत्र प्रणालीको प्राप्ति तथा भुक्तानीको विवरणमा आफैले गरेको प्राप्ति अनुसार रु. ५२,४२,९९,७६९.५५ देखाएकोले कार्यालयको आम्दानीमा रु.६,८३,५६,६०४।१३ फरक परेकोले एकिन गर्नुपर्दछ।

III. पालिकामा प्राप्त हुने सबै प्रकारका अनुदान तथा सहयोग रकम सुत्र प्रणालीमा समावेश गर्नुपर्नेमा यस बर्ष अन्तरसरकारी अख्तियारीबाट रु.७,३९,,१५,९५६। प्राप्त भई खर्च भएकोमा सुत्र प्रणालीमा समावेश गरेको छैन। गाउँपालिकामा प्राप्त हुने सबै प्रकारका अनुदान रकम सुत्र प्रणालीमा आम्दानी जनाई खर्च गरिनुपर्दछ।

| | | | | |
|---|---|---|---|---|
| ३ | | | **सम्पत्ति हस्तान्तरण र अभिलेख** | |

| | | | | |
|---|---|---|---|---|
| | | | कार्यालयको सम्पत्ति हस्तान्तरण र अभिलेख सम्बन्धी नियन्त्रण व्यवस्था निम्नानुसार देखिएका छन्: | |
| ३.१ | | | साविक गाउँपालिकाबाट सम्पत्ति हस्तान्तरण गरी अभिलेख अद्यावधिक गर्ने, साविक संघीय विषयगत कार्यालयको सम्पत्ति हस्तान्तरण गरी अभिलेख अद्यावधिक गर्ने तथा साविकका कार्यालयका कोषहरु हस्तान्तरण र अभिलेख अद्यावधिक गर्नुपर्नेमा सार्वजनिक सम्पत्तिको अभिलेख राखेको देखिएन । अभिलेख अद्यावधिक गरीनु पर्दछ । | |
| ३.२ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुनुपर्ने र यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्नेमा आंशिक रुपमा लगत राखेको छ । लगत अद्यावधिक गरिनु पर्दछ । | |
| ३.३ | | | सार्वजनिक सम्पतिको संरक्षण र उपयोग सम्बन्धमा नीति र मापदण्ड बनाई सार्वजनिक सम्पति र जग्गाको अभिलेख राख्ने सार्वजनिक सम्पत्ति उपयोगको, जग्गाको संरक्षण गर्नुपर्नेमा कार्यालयले सम्पतिको संरक्षण र उपयोगको लागि नीति र मापदण्ड बनाएको देखिएन । नीति तथा मापदण्ड बनाई सार्वजनिक सम्पत्तिको संरक्षण गरिनु पर्दछ । | |
| ४ | | | **बित्तिय विवरण सम्बन्धमा**<br>कार्यालयको बित्तिय विवरण सम्बन्धि नियन्त्रण व्यवस्था निम्नानुसार रहेको छ । | |
| ४.१ | | | आर्थिक कार्यविधि कानून बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्य लक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्नेमा गरेको देखिएन । नियममा भएको व्यवस्था पालना गरिनु पर्दछ । | |
| ४.२ | | | **कल्याण कोष** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजजम स्थानीय तहलेस्थानीयसेवाको दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकमकट्टा गरी सो रकम बराबरले हुन आउनेरकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । यो वर्षकार्यालयले बित्तिय समानीकरण अनदुानको रकम समेतबाट कर्मचारी कल्याणकोषमा रू.१० लाख हजार ट्रान्सफर गरेको छ । कोषको सञ्चालन सम्बन्धी काननुको व्यवस्था भएको देखिंदैन। | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | कानुनको व्यवस्था नगरी नेपाल सरकारबाट प्राप्त अनदुानबाट कोषमा रकम ट्रान्सफर गरि राख्न मिल्ने दिखएन ।यस्तो कार्य काननुद्धारा व्यवस्थापन गरिनुपर्दछ । | | |
| ४.३ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ अनुसार एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्त्यमा स्थानीय सञ्चित कोषमा फिर्ता गरी खर्च खाता शुन्य गर्नुपर्ने व्यवस्था विपरित गाउँपालिका पूँजीगत खर्च खाताहरुमा रु २८५३९८१५।१६०। र चालु खर्च खाताहरुमा रु १२१७०८९९।३१ मौज्दात रहेको देखिएकोले ऐनको व्यवस्था पालना गरेको देखिएन। यसमा सुधार हुनुपर्दछ। | | |
| ५ | | | **खरिद व्यवस्थापन**<br>कार्यालयको खरिद व्यवस्थापन सम्बन्धि नियन्त्रण व्यवस्था निम्नानुसार देखिन्नछ । | | |
| ५.१ | | | **खरिद कारवाही अभिलेख** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४९(१) अनुसार सार्वजनिक निकायले हरेक खरिद कारवाहीको निम्ति छुट्टै फाइल खडा गरी राख्नु पर्ने र उपनियम(२) बमोजिम फाइलमा अन्य कागजातका अतिरिक्त सम्झौता फाइलको पञ्जिका, वोलपत्र वा पूर्वयोग्यताको लागि आव्हान गरिएको सूचना, बोलपत्र, पूर्वयोग्यता वा प्रस्ताव आव्हान सम्बन्धी कागजात, प्रस्तावदाताहरुलाई पठाएको जवाफ, बैठकको माइन्यूट, बोलपत्रको मूलप्रति, पूर्वयोग्य भएका बोलपत्रदाताको योग्यता, मूल्यांकन प्रतिवेदन, सफल वोलपत्रदातालाई पठाएको स्वीकृतिको प्रारम्भिक सूचनाको प्रतिलिपि, असफल बोलपत्रदाताहरुलाई पठाएको सूचनाको प्रतिलिपि, खरिद सम्बन्धी प्रकाशित सूचनाहरु, खरिद सम्झौता, प्रगति प्रतिवेदन, इन्भ्वाइस र निरीक्षण प्रतिवेदन, खरिद सम्झौतामा संशोधन गरिएको भए सो सम्बन्धी कागजात, मालसामान प्राप्ति, निरीक्षण र स्वीकृति लगायतको कागजात, मूल्यांकन प्रतिवेदन र सोसँग सम्बन्धित सम्पूर्ण कागजात लगायतको विवरण क्रमवद्ध रुपमा राख्नुपर्ने व्यवस्था छ । कार्यालयले खरिदसँग सम्बन्धित कागजातहरु नियम बमोजिम क्रमबद्ध नराखेको, ठेक्का मूल्याँकन सम्झौता र सो सम्बन्धी कागजात अन्तिम विल भुक्तानीको गोश्वारा भौचरसंग राख्ने गरेकोले लेखापरीक्षणले माग गरेको खरिद सम्बन्धी सम्पूर्ण विवरणहरु प्राप्त हुन नसकी ठेक्का सम्बन्धी फाईल पूर्णत विश्लेशण गर्न सकिएन । अतः नियमावलीले तोके अनुसार सम्पूर्ण कागजातहरु सिलसिलेवार रुपमा एउटै फाईलमा राखी पञ्जिका समेत तयार गर्नुपर्ने देखिन्छ । | | |
| ५.२ | | | **निर्माण कार्यको गुणस्तर** – खरिद सम्झौता अनुसार निर्माण कार्यको गुणस्तर नियन्त्रण र व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । | | |

| | | | | |
|---|---|---|---|---|
| | | | जसअनुसारखरिद सम्झौता गर्दा गुणस्तर परीक्षणको किसिम र त्यसको पटक र संख्या समेत उल्लेख भएकोगुणस्तर योजना निर्माण व्यवसायीले उपलव्ध गराउनु पर्ने र स्वीकृत योजना अनुसार परीक्षण गरी गुणस्तर प्रक्रिया संचालन गर्नुपर्ने उल्लेख भएतापनि योवर्ष गाउँपालिकाले रु. १४१४८८०४०।४३ पूँजीगत खर्च गरेकोमा अधिकाँश योजनाको गुणस्तर परीक्षण गरेको पाईएन । निर्माण कार्यको गुणस्तर आश्वस्तता हुन प्रयोगशालाबाट गुणस्तर परीक्षण गराउनु पर्दछ । | |
| ५.३ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको सार्वजनिक परीक्षण गरेको देखिएन । ऐनको व्यवस्था बमोजिम सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई हनुपर्दछ । | |
| ६ | | | **कानून निर्माण एवं कार्यान्वयन**<br>गाउँपालिकाको कानून निर्माण र कार्यान्वयन सम्बन्धी नियन्त्रण व्यवस्था निम्नानुसार रहेको छ । | |
| ६.१ | | | **कानून निर्माण** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा प्राप्त विवरण अनुसार हालसम्म १७ ऐन, ४ नियमावली, २३ कार्यविधि ९ अन्य कानुन लगायत ५३ कानुनहरू प्रकाशन भएको छ । प्रकाशित कानूनहरु कार्यान्वयन हुनुपर्दछ । | |
| ६.२ | | | **न्यायीक समिति** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरी मध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । गत बर्षको लेखापरीक्षण प्रतिवेदन अनुसार ६ मुद्दा निरुपण हुन बाँकी रहेकोमा विवाद निरुपण सम्बन्धमा विवरण माग गर्दा गतवर्षको मुद्दा फछ्र्यौट बाँकी ५ र यो बर्ष थप भएको २९ समेत ३४ विवाद दर्ता भएकोमा ३३ वटा फर्छयौट गरेको र १ विवाद कारवाही गरी टुङ्गो लगाउन बाँकी रहेको देखिन्छ । न्याय सम्पादन प्रकृयालाई ऐनले तोकेको म्यादभित्र फर्छयौट गर्न कारवाही गरी टुङ्गो लगाईनु पर्दछ । | |

| | | | | | |
|---|---|---|---|---|---|
| ७ | | | **अनुदान प्राप्ती, वितरण, उपयोग**<br>कार्यलयको अनुदान प्राप्ती, वितरण, उपयोग सम्बन्धि नियन्त्रण व्यवस्था निम्नानुसार देखिएको छ ।<br>:<br>**आार्थिक सहायता** - महोत्सव तथा अन्य खर्च भुक्तानी गर्दा सम्बन्धित कानूनले संस्था, समूह, पर्व, जात्रा, यात्रा, विरामी, संस्कृति लगायतमा आर्थिक सहायता दिन कानूनी व्यवस्था गरी भुक्तानी गर्नुपर्नेमा यसवर्ष चालु शिर्षकवाट विपन्न तथा औषधि उपचारको लागि कार्यलयमा सहायता माग गर्नेको निवेदनका आधारमा कार्यपालिकाको निर्णयका आधारमा औषधि उपचार वापत बिभिन्न व्यक्तिहरुलाई चालु शिर्षकवाट ७६०००। र प्रकोप व्यवस्थापन कोषवाट रु १३२०००। समेत रु२०८०००। आर्थिक सहायता वितरण गरेको छ । कार्यविधि अनुसार आर्थिक सहायता प्रदान गरिनु पर्दछ । | |
| ८ | | | **बजेट तथा कार्यक्रम**<br>कार्यालयको बजेट तथा कार्यक्रम सम्बन्धि नियन्त्रण सम्बन्धि व्यवस्था निम्नानुसार छन्: | |
| ८.१ | | | **स्रोत अनुमान समिति** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) मा स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति रहने र समितिले ऐन बमोजिम आयको प्रक्षेपण गरी बजेटको सिमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण गर्ने लगायतका कार्य गर्न श्रोत अनुमान तथा बजेट सिमा निर्धारण गर्नुपर्ने तथा समितिले प्रत्येक वर्षको बैसाख १० गते भित्रै कार्य सम्पन्न गर्नुपर्ने व्यवस्था छ । ऐनले तोकेको सिमाभित्र समितिले कार्य सम्पन्न गरेको छैन ।कार्यालयले स्रोत अनुमान समितको बैठक एनले तोके भन्दा ढिलो गरी मिति २०७७।२।२६ मा बैठक बसी रु ४५४९३३०००। सिमा निर्धारण गरेको र सोही रकम बरावर सभाले समेत सिलिङ तोकी सोही बरावर बजेट पारित गरेको छ । ऐनले तोकेको समयमा समितिको बैठक बस्ने र आय अनुमान यकिन गरी बजेट सिलिङ तोकिनु पर्दछ । | |
| ८.२ | | | **बजेट तर्जुमा** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(२) मा बजेट तथा कार्यक्रम तर्जुमा समितिले आयको प्रक्षेपण, वितरणको खाका तथा कार्यक्रम तर्जुमा गर्दा बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, क्षेत्रगत रुपमा छलफल गरी अन्तिम प्रस्ताव तयार गर्ने, कार्यक्रममा दोहोरोपना आउन नदिने लगायतका कार्य गर्नुपर्दछ । पालिकाको २०७७।७८ को बजेट तर्जुमा समितिको बैठक २०७७।३।३, ३।७, ३।८, ३।९ बसि संचालन खर्च रु ५२५ हजार स्वास्थ्य र शिक्षा तर्फ १५४६६ हजार, कृषि पशु वन पर्यटन भूक्षय नदि नियन्त्रण संस्थागत विकास लक्षित कार्यक्रम तर्फ रु १७२३३ हजार र प्र म रोजगार तर्फ ५१७० हजारको बजेट तर्जुमा गरे पनि पूर्वाधार तर्फ बजेट तर्जुमा सम्बन्धी गरेका काम र निर्णयहरु लेखापरीक्षणमा पेश भएन । साथै बजेट तर्जुमा समितिले कार्यक्रमहरुको प्राथमिकिकरण र क्षेत्रगत रुपमा छलफल गरी बजेट तर्जुमा गरेको देखिएन । | |

| | | | | |
|---|---|---|---|---|
| ८.३ | | | **बजेट तथा अख्तियारी** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ बमोजिम आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकावाट स्वीकृत गराई असार १० गते भित्र सभामा पेश गरी असार मसान्त भित्र पारित गरिसक्नु पर्ने र दफा ७३ वमोजिम सभावाट वजेट स्वीकृत भएको सात दिन भित्र प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकिय अधिकृतलाई वजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने व्यवस्था छ । पालिकाले २०७७।३।५ मा नीति, कार्यक्रम प्रस्तुत र पारित गरेको र मिति २०७७।३।१० मा ४६ लाख ८२ लाख ८३ हजार पारित गरेकोमा गतवर्षको यथार्थ खर्च, आव २०७७।७८ को प्रस्तावित आम्दानी र प्रस्तावित खर्च चालु तर्फ हुने खर्च र पूँजीगत खर्च लगायतको विवरण खुलाई बजेट प्रस्तुत गरेको देखिएन । सूत्रप्रणालीवाट प्रिन्ट गरेको क्रियाकलापगत खर्चलाई बजेट पुस्तिका मानी २०७७।३।१४ मा अख्तियारी दिएको छ । ऐनले तोकेको प्रकृया पुरा गरी गतवर्षको यथार्थ खर्च, आव २०७७।७८ को प्रस्तावित आम्दानी र प्रस्तावित खर्च चालु तर्फ हुने खर्च र पूँजीगत खर्च लगायतको विवरण खुलाई बजेट प्रस्तुत गरिनु पर्दछ । | |
| ८.४ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । कार्यालयले २०७७।३।१४ मा सभावाट बजेट पारित गरेकोमा बजेट पुस्तिका र बजेट लेखापरीक्षणमा पेश नभएकोले अवण्डा रकम यकिन गर्न सकिएन । लेखापरीक्षणको क्रममा चालु तथा पूजीगत शिर्षको विविध तथा गत वर्षको बचत रकमवाट रु २१७८१६०३। खर्च गरेको देखिएकोले योजना तर्जुमा प्रक्रिया पुरा नगरी अवण्डा राखी खर्च गरेको देखिएकोले अवण्डा बजेट राखेको देखिन्छ । योजनागत रुपमा रकम विनियोजन गरी खर्च गरीनु पर्दछ । | |
| ८.५ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम स्थानीय तहले आगामी बर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकावाट स्वीकृत गराई आषाढ १० भित्र सभामा पेश गर्नुपर्ने व्यवस्था छ । आय-व्ययको अनुमानसाथ गतवर्षको वास्तविक आय व्यय, चालु आर्थिक वर्षको अन्तिम सम्ममा हुने आय-व्ययको संशोधित अनुमान तथा आगामी वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण सभामा पेश गरी १५ दिन भित्र छलफल सम्पन्न गरी अषाढ मसान्त भित्र नै पारित गर्नुपर्ने व्यवस्था छ । त्यस्तै, ऐनको दफा १९ मा सभाको वैठक सामान्यतया बर्षमा २ पटक बस्ने व्यवस्था समेत गरेको छ । जस अनुसार आषाढको सभाले बार्षिक नीति बजेट तथा कार्यक्रम स्वीकृत गर्ने र दोस्रो सभाले नीति कार्यक्रम तथा योजना कार्यान्वयनको समिक्षा गर्ने, ऐनको मस्यौदा तयार गरी छलफल र पारित गर्ने कानूनको मनसाय र संघीय सरकारको | |

प्रचलन समेत रहेको छ । कार्यपालिको शिफारीस अनुसार मिति २०७७।१०।२५ मा बसेको आठौं सभाले रु. २०८०००००। का ७ योजना तथा कार्यक्रम संशोधन गरी पारित गराएको देखियो । योजना तर्जुमा गर्दा योजना छनौटका प्रक्रिया पूरा नगरी कार्यक्रम तथा योजना कार्यान्वयन गराई हिउँदे सभावाट अनुमोदन गर्न पूरक बजेट तथा कार्यक्रम समर्थन गराउने गरेको पाईयो । योजना छनौटका प्रक्रिया पूरा गरी असारको सभाले मात्र योजना तथा कार्यक्रम पारित गराउने तर्फ ध्यान जानुपर्ने देखियो ।

८.६

**क्षेत्रगत बजेट र खर्चको स्थिति** - स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७७।७८ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्र.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत जम्मा खर्चको तुलनामा |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ६५९८००२६ | २८४२२६४६ | ५.९५ |
| २ | पूर्वाधार विकास | १७३९८५२०५ | ६३०२४५०७ | १३.२ |
| ३ | सामाजिक विकास | ३१७१५४००१ | २८१२१२७८० | ५८.९२ |
| ४ | बातावरण तथा विकास | १०९६२८८३ | ९४३१३०१ | १.९७ |
| ५ | संस्थागत विकास सेवा प्रवाह र सुशासन | २३४०८००० | १८५०१८८३ | ३.८७ |
| ६ | अन्य कार्यालय संचालन तथा प्रशासनिक | ९०९८५७६७ | ७६६९९५२५ | १६.०७ |
| जम्मा | | ६८२४७५८८२ | ४७७२९२६४२ | १०० |

| | | | | |
|---|---|---|---|---|
| | | | उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकास क्षेत्रमा सबैभन्दा बढी ५८.९२ प्रतिशत र संस्थागत विकास सेवा प्रवाह र सुशासन क्षेत्रमा ३.८७ प्रतिशत र वातावरण विकास क्षेत्रमा १.९७ प्रतिशत वजेट विनियोजन गरेको छ । | |
| ८.७ | | | **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले सार्थकता नपाउने हुँदा यसतर्फ पालिकाको ध्यान जानुपर्दछ । | |
| ८.८ | | | स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६(५) मा गाउँपालिकाले स्थानीय सञ्चित कोषमा भएको आयव्ययको चौमासिक र बार्षिक प्रतिवेदन तयार गरी संघीय अर्थ मन्त्रालय, प्रदेश अर्थ मन्त्रालय, मन्त्रालय तथा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा पठाउनुपर्ने व्यवस्था रहेको छ । गाउँपालिकाले चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन गरी तालुक निकायमा प्रगति पठाएको छैन । तहगत अनुगमन व्यवस्थालाई क्रियाशील बनाउन कानून बमोजिमका विवरणहरु तालुक निकायहरुमा पठाउनु पर्दछ। | |
| ९ | | | **आन्तरिक नियन्त्रण प्रणाली** | |
| ९.१ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापूर्ण ढंगवाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ–आफ्नो कामको प्रकृति, कारोवारको आकार, जटिलता तथा संरचना बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । कायालयले कार्यविधि तयार गरी | |

कार्यान्वयनमा ल्या आन्तरिक नियन्त्रण प्रणालीको अवस्था कमजोर रहेको देखिन्छ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन् ;

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा नगरेको
- पालिकाले ठेक्काबाट हुने कार्यहरुको कार्यक्रमगत तथा योजनागत खाता राखेको छैन।
- पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको छैन।
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको छैन।
- पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक गरेको छैन।
- वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको छैन।
- खरिद भएका मालसामानहरु खरिद बराबरकै संख्यामा एकमुष्ट माग फाराम भरि खर्च गर्ने गरेकोले जिन्सी बाँकीको विवरण यथार्थपरक छैन।
- खर्चका विल भर्पाइहरुलाइ पुष्टाइ गर्ने गरि खर्चको तेरिज तयार गरेको छैन।
- सार्वजनिक खरिद ऐन, २०६३ बमोजिम मौजुदा सुचि तयार गरी सो सुचिमा समावेश भएकाहरुबाट मात्र सार्वजनिक खरिद गर्नुपर्नेमा मौजुदा सुचि तयार गरेको छैन।
- प्रदेश आर्थिक कार्यविधी ऐन २०७४ को दफा ४९ ५ बमोजिम जिन्सी निरिक्षण गर्ने र प्रतिवेदन बमोजिम मर्मत तथा लिलाम गर्नुपर्नेमा गरेको छैन।
- कट्टा गरेको कर तोकिएको अवधीमा सम्बन्धित राजस्व खातामा समयमानै दाखिला गर्नुपर्नेमा ढिला गरी दाखिला गरेको छ।
- सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ र ८ बमोजिम खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको छैन।
- संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको छैन।
- वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार गरेको छैन।

- मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फर्छ्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख नगरपालिकाले एकिन गरी अध्यावधिक गरेको छैन।
- आर्थिक विवरण –आर्थिक वर्ष समाप्त भएको ३५ दिनभित्रको अवधि सम्म आर्थिक विवरण तयार गर्नुपर्नेमा लेखापरीक्षणको अवधि (२०७९ बैशाख) मा आर्थिक विवरण तयार गरी पेश गरेको छ।
- विषयगत क्षेत्रमा सञ्चालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रित रहेको पाईयो ।
- कर भुक्तानीको इ-टिडिएस गर्नुपर्नेमा गरेको छैन।
- ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का खाता र कन्टिन्जेन्सी खाता राख्नुपर्नेमा राखेको छैन।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यसबर्ष सम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन।
- सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, 206५ को दफा १४ र १९ अनुसार नागरिक वडापत्रमा नागरिक बडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तर्जुमा गर्नुपर्ने र सार्वजनिक सुनुवाई गर्नुपर्नेमा गरेको छैन।
- कार्यविवरण – कार्य विवरण तयार गरी कर्मचारीहरुलाई अधिकार र जिम्मेवारी दिनुपर्नेमा दिएको देखिएन ।
- अभिलेख – कार्यालयले सार्वजनिक सम्पत्तिको अभिलेख राखेको देखिएन ।
- कतिपय योजनाहरुमा इष्टिमेट तयार गरेको, स्वीकृत गरेको, नापी मूल्याकन गरेको, जाँच गरेको, स्वीकृत गरेको, ठेक्का बिल र कार्यसम्पन्न प्रतिवेदन तयार गरेको, स्वीकृत गरेको मिति उल्लेख नभएको ।
- निर्माण कार्यको कार्यसम्पन्न प्रविदेन अनुसार नापी किताव तयार गरी उक्त नापी कितावलाई नियमको प्रावधान अनुरुप अद्यावधिक गरी राख्नुपर्नेमा योजनाहरुको नापी लुज पेपरमा भर्ने गरेको पाइयो । योजनागत नापी किताव बनाई भएको कार्य र खर्चको विवरण अद्यावधिक गरेको देखिएन ।
- दैनिक कार्य सम्पादन विवरण म.ले.प फाराम नं.९०७ तयार नगरेको
- कार्यालयमा प्राप्त कतिपय चिठी पत्र दर्ता गर्ने नगरेको,
- पुजिगत तर्फको गोश्वारा भौचर सिलसिलेवार रुपमा नरहेको,
- कतिपय योजनाहरुको लागत अनुमान तथा कार्यक्रमहरुको सम्झौता कार्यालय प्रमुखबाट स्वीकृत नभएको,

| | | | | |
|---|---|---|---|---|
| | | | • भ्रमण विल स्वीकृत गर्ने नगरेको,<br>• कतिपय उपभोक्ताबाट सञ्चालित योजनाहरुको कार्यसम्पन्न प्रतिवेदन तयार नगरेको,<br>• कतिपय जिन्सी सामानहरुको स्पेशिफिकेशन नखुलाइ दाखिला गर्ने गरेको,<br>• भ्रमण अभिलेख खाता तथा भ्रमण प्रतिवेदन तयार गर्ने नगरेको ।<br><br>अत: आन्तरिक नियन्त्रण प्रणाली र कार्यविधि तयार गरी कार्यान्वयन गर्नुपर्दछ । | |
| ९.२ | | | सुचना प्रविधि सम्बन्धि ऐन, २०७५ को दफा ६९ बमोजिम सरकारी निकायले कम्प्युटर तथा सुचना प्रणालीको प्रयोग गर्दा मन्त्रालयले तोकेको सुरक्षा मापदण्ड अवलम्बन गर्नुपर्ने र दफा ७० बमोजिम सरकारी निकाय, सार्वजनिक संस्था र वित्तीय तथा स्वास्थ्य सम्बन्धि सूुचना प्रयोग गर्ने संस्थाहरुले अनिवार्य रुपमा आफुले प्रयोग गर्ने सुचना प्रणालीको तोकिए बमोजिमको अवधिमा सुरक्षा परीक्षण गराउनुपर्ने उल्लेख छ। कार्यालय स्वयंको नियन्त्रणमा रहेका सूचना प्रविधी पद्धतिमा सुरक्षा, अख्तियारी, भण्डारण र ब्याकअप आन्तरिक रुपले भरपर्दो हुनुपर्दछ। कार्यालयले कारोवार लेखाङ्कन, अभिलेख र प्रतिवेदन लगायतका सूचना प्रविधिसङ्ग सम्बन्धित प्रणालीगत व्यवस्था ऐनले तोकेको अवधिमा सुरक्षा परिक्षण गरेको अभिलेख लेखापरीक्षण समक्ष पेश भएन। यस सम्बन्धमा देखिएका आन्तरिक नियन्त्रण प्रणाली निम्नानुसार छन् ;<br><br>• म. ले. प. फाराम ९०१ र ९०२ को प्रयोग गरेको छैन।<br>• सफ्टवेयर म्यानुअलमा तोकिए अनुसार सेक्युरिटी प्रोटोकल र सुरक्षण विधी लागु गरी त्यसको अभिलेख म. ले. प. फाराम ९०३ राख्नुपर्नेमा राखेको छैन।<br>• कार्यालय स्वयंको नियन्त्रणमा रहेका सूचना प्रविधी पद्धतिमा सुरक्षा, अख्तियारी, भण्डारण र ब्याकअप आन्तरिक रुपले भरपर्दो गरी अद्यावधिक रुपमा नराखेको।<br><br>सफ्टवेयर प्राविधिक विषय भएकोले सोसँग सम्बन्धित जोखिम वा त्यसले पार्ने वा पारेको प्रभाव परीक्षणको सिमा भन्दा वाहिर रहेको छ। सफ्टवेयरको कानुनी मान्यता, विश्वसनियता एवं आधिकारिताका विषयमा कार्यालयले ध्यान दिनुपर्दछ । | |

| | | | | |
|---|---|---|---|---|
| ९.३ | | | **मर्मत अभिलेख**- लुम्बिनी प्रदेश, प्रदेश आर्थिक कार्यविधी ऐन, २०७४ को दफा ४५ अनुसार सार्वजनिक जवाफदेहीको पद धारण गरेको व्यक्तिले सम्पादन गरेको काम र सोसँग सम्बन्धित कारोबारको जिम्मेवारी र जवाफदेहिता बहन गर्नुपर्ने उल्लेख छ ।कार्यालयले यस बर्ष सवारी साधन मर्मतमा रु ३,३८,०१९। र मेसिनरी औजार मर्मत सम्भारमा रु.२,९८,६१०। समेत रु.६३६६२९। र कन्टेन्जेन्सीबाट समेत मर्मत खर्च गरेकोमा कतिपय मर्मत कार्य स्वीकृत मर्मत आदेश बेगर खर्च गरेको छ। कार्यालयले सवारी साधन सञ्चालन लगबुक म. ले. प. फाराम ९०५ र सवारी मर्मतको अभिलेख म.ले.प.फा.नं. ९०६ अद्यावधिक गरेको छैन। सवारी मर्मत सम्बन्धी आन्तरिक नियन्त्रण प्रणाली कार्यान्वयन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ। | |
| ९.४ | | | भम्रण खर्च नियमावली,२०६४ को नियम ४ अनुसार सरकारी खर्चमा भ्रमण गर्ने पदाधिकारी तथा कर्मचारीले सम्भव भएसम्म किफायती र कम खर्चिलो हुने गरी भ्रमण गर्नुपर्ने उल्लेख छ। कार्यालयले यो बर्ष अनुगमन मुल्याङकन तथा भ्रमण शिर्षकमा रु.१४,९९,३४५।– तथा संघिय तथा प्रदेश हस्तान्तरित कार्यक्रमबाट सञ्चालित विभिन्न कार्यक्रम र पालिकाका विभिन्न योजनाहरुबाट कट्टि गरेको कन्टेन्जेन्सी रकमबाट समेत अनुगमन मूल्याङ्कन तथा भ्रमण खर्च गरेको छ । नियमावलीको नियम २१ बमोजिम कार्यालयले भ्रमणमा खटिने पदाधिकारी तथा कर्मचारीहरुको अनुसुचि ६ बमोजिमको ढाँचामा भ्रमण अभिलेख खाता म. ले. प. फाराम ९०८ राख्नुपर्ने र भ्रमणमा खटाउने पदाधिकारीले विश्वसनीय आधार र प्रमाण स्थापित हुने गरी आवश्यकता अनुसार आन्तरिक नियन्त्रण प्रणालीलाई मजबुद गराई भ्रमण गर्ने पदाधिकारी तथा कर्मचारीबाट भ्रमण प्रतिवेदन म. ले. प. फाराम ९०९ प्राप्त गरे पश्चात भुक्तानी गर्नुपर्नेमा सो गरेको छैन। अद्यावधिक भ्रमण अभिलेख खाता र भ्रमण प्रतिवेदन बेगर भ्रमण खर्च भुक्तानी भएकोले दोहोरो पर्ने गरी खर्च भए नभएको एकिन गर्न सकिएन। यसमा सुधार हुनुपर्दछ। | |
| ९.५ | | | **बेरुजु लगत**- महालेखा नियन्त्रक कार्यालयले सरकारी कार्यालयहरुको बेरुजु लगत अद्यावधिक गर्ने प्रयोजनका लागि मलेप फारामको व्यवस्था गरेको छ । कार्यालयले बेरुजु लगत, बेरुजुको कार्यालयगत प्रतिवेदन, सम्परीक्षण गोश्वारा अभिलेख लगायतका स्वीकृत म. ले. प. फाराम ८०१ देखि ८०५ सम्मका फारामहरु अद्यावधिक गरेको छैन। बेरुजुको अद्यावधिक विवरण तयार गरी बाँकी बेरुजु समयमा नै फछ्र्यौट गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ। | |
| ९.६ | | | कार्यालयले धरौटीको व्यक्तिगत अभिलेख खाता अद्यावधिक गरी धरौटीको लगत राख्नुपर्दछ। कार्यालयले धरौटीको व्यक्तिगत धरौटी खाता राखेको छैन। सुत्र सफ्टवेयरले तयार गरेको धरौटी खाताले पुरानो बाँकी धरौटीको यथार्थ प्रतिवेदन जारी गरेको | |

| | | | | |
|---|---|---|---|---|
| | | | छैन। व्यक्तिगत धरौटी खाता कायम गरी धरौटी हिसाबलाई व्यवस्थित गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ। | |
| १० | | | **खाना तथा विविध खर्च**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष विविध तथा खाना खर्च शिर्षकमा रु.१२,४१,०७१। खर्च गरेको छ। यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ । | |
| ११ | | | **संगठन तथा कर्मचारी ब्यवस्थापन** | |
| ११.१ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) अनुसार स्थानीय तहले कानून बमोजिम आफ्नो आय र व्ययको आन्तरिक लेखापरीक्षण गर्नुपर्ने तथा निजामती सेवा ऐन, २०४९ को दफा ७ख (२) अनुसार स्थायी कर्मचारीहरुको तलबी प्रतिवेदन पारित गराउनुपर्ने उल्लेख छ । कार्यालयले यो बर्ष पालिका तर्फका २१ कर्मचारीको बार्षिक तलब रु.९१,०३,३२८। र स्वास्थ्य तर्फ समेत तलबी प्रतिवेदन पारित नगरी तलब खर्च लेखेको छ । तलबि प्रतिवेदन पारित गर्नुपर्ने सम्बन्धमा गत विगतमा समेत औल्याउदै आएकोमा यसमा सुधार भएको छैन। यसबाट कार्यालयले खर्च लेखेको ग्रेड रकमको सम्बन्धमा एकिन हुन सकिएन। आन्तरिक लेखापरीक्षण शाखा गठन भई पदपुर्ति समेत भएको अवस्थामा स्थायी कर्मचारीहरुको तलबी प्रतिवेदन पारित गरी ग्रेड रकम अनुसार तलब खर्च लेख्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । | |
| ११.२ | | | स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवाको गठन, संचालन, व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, र दफा ८६ (२) बमोजिम अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । कार्यालयले कर्मचारी सेवा सुविधा सम्बन्धमा कार्यपालिकाको निर्णयबाट खर्च लेख्ने गरेतापनि सेवा सुविधा सम्बन्धमा ऐन नियम निर्माण गरेको छैन। स्थानिय तहबाट प्रदान गरिने सेवा सुविधाहरु कानुन निर्माण गरी सोही बमोजिम खर्च लेख्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ। | |
| ११.३ | | | योजना र कार्यान्वयन – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । | |

कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ ।यस वर्ष उपभोक्ता समितिमार्फत भएका कामका योजनाहरु देहायअनुसार छन्:

| रु १ लाख सम्म | रु १ लाख देखि २ लाख सम्म | रु २ लाख देखि ५ लाख सम्म | रु ५लाख देखि १० लाख सम्म | रु १० लाख भन्दा बढीको | जम्मा |
|---|---|---|---|---|---|
| ७५ | ३० | २८ | २४ | ३० | १८७ |

उपरोक्त विवरण अनुसार कार्यालयले यस बर्ष १८७ वटा योजना संचालन गरेकोमा रु.१ लाख भन्दा मुनिका मात्र ७५ वटा योजनाहरु रहेका छन् । त्यसैले साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षैं भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ ।

१२ **कोभिड परीक्षण**

१२.१ **कार्य योजना** -विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्धार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गरे नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने गराउने सम्बन्धी व्यवस्था छ । कार्यालयले ऐन तथा नियमावलीमा तोकिएका कार्यहरू गरेको पाइएन । ऐन तथा नियमावलीको पालना हुनुपर्दछ ।

१२.२ कोभिड नियन्त्रण तथा रोकथामको लागि कोभिडसँग सम्वन्धित निर्देशिका एवं हेल्थ प्रोटोकल तयार तयार गर्ने र तीन तहका सरकारका निकायहरुको निर्देशिका एवं हेल्थ प्रोटोकल कार्यान्वयन गर्न समन्वय गर्नु पर्नेमा हेल्थ प्रोटोकल तयार गरेको र

| | | | | |
|---|---|---|---|---|
| | | | अन्तर सरकार विच समवन्य भएको देखिएन । यसमा सुधार हुनुपर्दछ । | |
| १२.३ | | | पालिकाले कोभिड-१९ रोकथाम र नियन्त्रणका लागि गत वर्षको मौज्दात रु.५२,५२,७०८। रहेकोमा यस बर्ष कार्यक्रम कटौती तथा विभिन्न व्यक्ति तथा संस्थाबाट अनुदान प्राप्त गरी प्रकोप व्यवस्थापन कोषमा जम्मा गरेको रु १,२४,५८,११३ समेत रु .१,७७,१०,८२१।३७ आम्दानी जनाई रु.९०,०६,२१६। खर्च गरी रु ८७,०४,६०५।३७ मौज्दात रहेको छ। | |
| १२.४ | | | कार्यालयमा प्राप्त कोभिड-१९ विरुद्धको खोप र प्रयोगको विवरण माग भएकोमा विवरण पेश भएन। कार्यालयले तथ्याङ्क व्यवस्थित गर्नुपर्दछ । | |
| १३ | | | **सेवा प्रवाह विवरण** | |
| १३.१ | | | सुशासन व्यवस्थापन तथा सञ्चालन ऐन, २०६४ को नियम ३८ अनुसार सरकारी सेवा र सुविधालाई प्रभावकारी बनाई प्रशासन तन्त्रलाई सेवाप्रदायकको रुपमा रुपान्तरण गर्न तथा प्रचलित कानून बमोजम अधिकार प्राप्त अधिकारीले सम्पादन गर्नुपर्ने काम कारबाहीलाई प्रभावकारी तथा गुणस्तरीय ढङ्गबाट सम्पादन भए वा नभएको कुराको अनुगमन तथा मूल्याङ्कन गर्नुपर्ने व्यवस्था छ । कार्यालयबाट सम्पादित कार्यहरु तालुक निकायबाट अनुगमन गरी निर्देशन दिने र सो निर्देशन सम्बन्धित कार्यालयहरुले पनि कार्यान्वयन गर्नुपर्दछ । कार्यालयमा तालुक निकायबाट अनुगमन हुने भएतापनि सो अनुगमनबाट देखिएका विषयहरुमा लिखित निर्देशन दिने र सो अनुसार कार्य गर्ने गरेको देखिएन। ऐनको व्यवस्था अनुरुप सम्पादन भएको कार्यहरुको समय समयमा अनुगमन हुनुपर्दछ। | |
| १३.२ | | | सुशासन (व्यवस्थापन तथा संचालन ) ऐन, २०६४ को दफा २५ मा सर्वसाधारणलाई सेवा प्रदान गर्ने वा जनसम्पर्क कायम गर्ने प्रत्येक सरकारी निकायले सबैले देख्ने ठाँउमा कार्यालयले दिने सेवा र त्यसको प्रकृति, सेवाग्राहीले सेवा प्राप्त गर्न पूरा गर्नु पर्ने कार्यबिधि, सेवा प्रदान गर्ने पदाधिकारी र निजको कार्यकक्षको विवरण, सेवा प्रदान गर्न लाग्ने समयाबधि र सेवा प्राप्त गर्न कुनै दस्तुर तथा अन्य रकम लाग्ने भए सोको विवरण, खुलाई नागरिक वडापत्र राख्नुपर्ने र सो बमोजिम सेवा प्रदान गरेको अभिलेख राख्नुपर्ने ब्यवस्था छ । कार्यालयबाट भएको सेवा प्रवाहको विवरण माग भएकोमा विवरण पेश भएन। स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ मा उल्लेखित स्थानीय निकायको काम कर्तव्य र अधिकार मध्ये अधिकांश सेवा प्रवाह | |

| | | | | |
|---|---|---|---|---|
| | | | गर्नुपर्ने विषयमा निकायको सिमित जनशक्ति र पूर्वाधारका कारण प्रवाह गर्न सकेको छैन । अतः जनशक्ति र पूर्वाधारको विकास गरी निकायको सेवा प्रवाह प्रभावकारी बनाउनु पर्दछ । | |
| १४ | | | **शिक्षा कार्यक्रम** | |
| १४.१ | | | कार्यालयले विद्यालयमा निकासा हुने रकमको स्पष्ट विवरण खुल्ने गरी विद्यालयगत निकासा रजिष्ट्रर राख्नुपर्नेमा राखेको छैन। विद्यालयहरुको लागि वास्तविक रुपमा निकासा हुनुपर्ने रकम र भुक्तानीको यथार्थ विवरण खुल्ने गरी निकासा रजिष्टर अद्यावधिक गर्नुपर्दछ। | |
| १४.२ | | | गाउँपालिकाले सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर वृद्धि गर्न सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर मापनको मापदण्ड बनाई सो बमोजिम कार्य भए नभएको अनुगमन गर्ने, सोको प्रतिवेदन तयार गर्ने र प्रतिवेदन सार्वजनिक गर्ने गरेको छैन। सार्वजनिक विद्यालयहरुको अनुगमन गरी सोको प्रतिवेदन सार्वजनिक गर्नुपर्दछ। | |
| १४.३ | | | स्थानीय तहले निजी विद्यालय व्यवस्थापनको लागि अनुगमन मापदण्ड निर्धारण गरी विद्यालयहरुको अनुगमन गर्ने तथा निर्देशिकाले तोके अनुसार अध्ययन शुल्क निर्धारण गर्ने गरेको छैन। तोके बमोजिम निर्देशिका तयार गरी निजी विद्यालयको शुल्क निर्धारण गर्ने र सो अनुसार भए नभएको अनुगमन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ। | |
| १४.४ | | | मानव स्रोत विकास केन्द्र सानोठिमीबाट प्रकाशित कार्यक्रम कार्यान्वन पुस्तीका २०७७/७८ बमोजिम स्थानीय तहले समयमा नै नि:शुल्क पाठ्यपुस्तक र छात्रवृत्तिको रकम निकासा गरी समयमानै अनुदान रकम वितरण गर्नुपर्दछ। कार्यालयले ढिलो गरी पाठ्यपुस्तक र छात्रवृत्ति रकम निकासा गरेकोले सम्बन्धित विद्यालयहरुले समयमा नै रकम वितरण गरेका छैनन् । तोकिएको समयमा रकम माग गरी सोही बमोजिम चेकजाँच गरी रकम निकासा गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ। | |
| १४.५ | | | कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७/७८ अनुसार स्थानीय तहले अनुगमन मापदण्ड निर्धारण गरी मातहतका विद्यालयहरुको अनुगमन गर्नुपर्दछ। सोको लागि कार्यालयले अनुगमन मापदण्ड तय गरेको छैन। अनुगमन मापदण्ड तय गरी | |

| | | | | |
|---|---|---|---|---|
| | | | सोको प्रगति प्रतिवेदन सार्वजनिक गर्ने तर्फ पालिकाको ध्यान जानुपर्दछ। | |
| १५ | | | **राजश्व आन्तरिक नियन्त्रण** | |
| १५.१ | | | कार्यालयले गाउँपालिकाको क्षेत्र भित्रका सबै राजश्व श्रोतहरुको उचित लेखाङ्कन गरी सो अनुसार राजश्वको अनुमान गर्नुपर्दछ। कार्यालयले पालिका भित्रका भवन टहरा जग्गा पोखरी रोयल्टी विज्ञापन लगायतको विवरण अद्यावधिक गरेको छैन । यसमा सुधार गर्नुपर्दछ। | |
| १५.२ | | | कार्यालयले घरभाडा, व्यावसायिक कर लगायतका राजश्व शिर्षकहरुको लगत अद्यावधिक गरेको छैन। लगत अद्यावधिक गरी उठ्न बाँकी राजश्वको अभिलेख व्यवस्थित गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ। | |
| १५.३ | | | कार्यालयले महालेखापरीक्षकको कार्यालयबाट स्वीकृत राजश्व आम्दानीको शिर्षकगत खाता म.ले.प.फा.नं. १०४, राजस्वको आर्थिक विवरण र सोको फाँटवारी म.ले.प.फा.नं.११०, करदाताको लगत म.ले.प.फा.नं. १११ जस्ता स्वीकृत म.ले.प.फा नं.हरु प्रयोगमा ल्याएको छैन। सुचना प्रविधिमा आधारित राजश्व अभिलेखलाई व्यवस्थित गर्दै स्वीकृत फारामहरु प्रयोगमा ल्याइ राजश्व अभिलेखलाई व्यवस्थित गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ। | |
| १६ | | | **रानीवास उल्लिखोला मोटरवाटो कालोपत्रे NCB-9-076/77**<br>लागत अनुमान रु. ३९०००००। रहेको रानीवास उल्लिखोला मोटरवाटो निर्माणको लागि आ व २०७६।७७ मा ठेक्का व्यवस्थापन भई रकेट विल्डर्सले कवोल गरेको रु ३९१६१०१। मा म्याद थप समेत मिति २०७७।९।१५ मा सम्पन्न गर्नेगरी मिति २०७७।१।३१ मा सम्झौता भई रु ३८५४५२१। भुक्तानी भएको निर्माण कार्य सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन्: | |
| १६.१ | | | **सम्झौता रकम-** कार्यालयले वोलपत्रदातासंग निर्माण कार्यको सम्झौता गर्दा विड पेश गर्दा निर्माण व्यवसायीले कवोल गरेको रकममा सम्झौता गर्नुपर्नेमा उल्लेखित ठेक्काको निर्माण व्यवसायीले रु ३८८३९०१। मू अ कर समेत कवोल गरेकोमा सम्झौता गर्दा रु ३९१६१०१।९८ मा सम्झौता गरेकोले निर्माण व्यवसायीले कवोल गरेको भन्दा बढीको सम्झौता गरेको देखिएकोले सम्झौता गर्ने पदाधिकारीलाई जिम्मेवार बनाउनु पर्दछ । | |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| १६.२ | | | **म्याद थप** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२० मा एनको दफा ५६ बमोजिमको अवस्था परी सम्झौता बमोजिमको काम त्यस्तो सम्झौताको अविधभित्र पुरा गर्न नसकिने भएमा कारण खुलाई सम्झौताको म्याद सकिनु भन्दा २१ दिन अगावै सम्बन्धित सार्वजनिक निकायमा अवधि थपको लागि निवेदन दिने र सार्वजनिक निकायले आवश्यक जाँचवुझ गरी तोकिएको पदाधिकारीले म्याद थप गरिदिन सक्ने व्यवस्था छ । उक्त निर्माण कार्यको मिति २०७७।१।३१ मा सम्झौता भई मिति २०७७।३।१५ मा कार्य गरिसक्नु पर्नेमा निर्माण व्यवसायीले समयमा काम नगरी मिति २०७७।३।३१ मा म्याद थपको लागि निवेदन दिएकोमा सुरु सम्झौता अनुसार काम सम्पन्न गर्नु पर्ने अवधि भन्दा ४०० प्रतिशत बढी अवधि म्याद थप गरेको छ । म्याद थप गर्दा निर्माण व्यवसायीले गरेको काम र बाँकी काम गर्ने लाग्ने अवधिको प्राविधिक प्रतिवेदनको आधारमा समय यकिन गरेर मात्र म्याद थप गरिनु पर्दछ । | |
| १६.३ | | | **कार्यसम्पादन जमानत** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११० (४) मा खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक कार्यसम्पादन जमानतको मान्य अवधि निर्माण कार्यको त्रुटी सच्याउने अवधि भन्दा एक महिना बढी अवधिको हुनुपर्ने व्यवस्था छ । उल्लेखित निर्माण कार्यको सम्पन्न गर्ने म्याद थप समेत मिति २०७७।९।१५ सम्म रहेकोमा कृषि विकास वैंकको कार्यसम्पादन जमानत PB/159/0152/4799/20 रु 200000। को म्याद २०७७।९।१६ सम्म रहेकोले त्रुटी सच्याउने अवधि २०७८।१०।१५ सम्म मान्य अवधि रहेको जमानत पेश गरेको छैन । कार्यालयले निर्माण कार्यको म्याद थप गर्दा त्रुटी सच्याउने अवधि खाम्ने गरी कार्यसम्पादन जमानतको अवधि थप भैआए पश्चात मात्र म्याद थप गर्नु पर्दछ । | |
| १७ | | | **रानीवास चौतारा वलेटक्सार रिङरोड कालोपत्रे ORRM-GL-NCB-10-076/77**<br>लागत अनुमान रु. ४००००००। रहेको रानीवास चौतारा वलेटक्सार रिङरोड कालोपत्रे कार्यको लागि आ व २०७६।७७ मा ठेक्का व्यवस्थापन भई रकेट विल्डर्सले कवोल गरेको रु ३९३०६६४। मा म्याद थप समेत मिति २०७७।९।१२ मा सम्पन्न गर्नेगरी मिति २०७७।१।३१ मा सम्झौता भई रु ३८९०६५०। भुक्तानी भएको निर्माण कार्य सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन्: | |
| १७.१ | | | **कार्यसम्पादन जमानत** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११० (४) मा खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक कार्यसम्पादन जमानतको मान्य अवधि निर्माण कार्यको त्रुटी सच्याउने अवधि भन्दा एक महिना बढी अवधिको हुनुपर्ने व्यवस्था छ । उल्लेखित निर्माण कार्यको सम्पन्न गर्ने म्याद थप अवधि समेत मिति २०७७।९।१२ सम्म रहेकोमा कृषि विकास वैंकको कार्यसम्पादन जमानत PB/159/0151/4799/20 रु 200000। को म्याद २०७८।५।२५ सम्म रहेकोले त्रुटी | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | सच्याउने अवधि २०७८।१०।१२ सम्म मान्य अवधि रहेको जमानत पेश गरेको छैन । कार्यालयले निर्माण कार्यको म्याद थप गर्दा त्रुटी सच्याउने अवधि खाम्ने गरी कार्यसम्पादन जमानतको अवधि थप भैआए पश्चात मात्र म्याद थप गर्नु पर्दछ । | |
| १७.२ | | | **निर्णयमा ढिलाई** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२० मा ऐनको दफा ५६ बमोजिमको अवस्था परी सम्झौता बमोजिमको काम त्यस्तो सम्झौताको अविधभित्र पुरा गर्न नसकिने भएमा कारण खुलाई सम्झौताको म्याद सकिनु भन्दा २१ दिन अगावै सम्बन्धित सार्वजनिक निकायमा अवधि थपको लागि निवेदन दिने र सार्वजनिक निकायले आवश्यक जाँचवुझ गरी तोकिएको पदाधिकारीले म्याद थप गरिदिन सक्ने व्यवस्था छ । निर्माण व्यवायीले कोभिडको कारण सम्झौता अविध भित्र काम गर्न नसक्ने भनी २०७७।३।३१ मा म्याद थपको लागि निवेदन दिएकोमा कार्यालयले आवश्यक जाँचवुझ गरी समयमै निर्णय दिनुपर्नेमा २०७७।५।१० को निर्णयले २०७७।९।१२ सम्म म्याद थप गरेको देखियो । कार्यालयले गर्ने निर्णय समयमै हुनुपर्दछ । | |
| १८ | | | **बलेटक्सार स्वास्थय चौकी भवन ORRM-GL-NCB-12-076/77**<br>लागत अनुमान रु. ७३,१२,५००। मू अ कर र कन्टेन्जेन्सी समेत रहेको जनवोध मा वि भवन निर्माण कार्यको २०७६।७७ मा ठेक्का व्यवस्थापन हुंदा भई छपनी डेभलपर्सले कवोल गरेको रु ६१२६२६५।५० मा म्याद थप समेत मिति २०७७।९।२१ मा सम्पन्न गर्नेगरी मिति २०७७।२।९ मा सम्झौता भई प्राविधिक मूल्याँकन अनुसार ५३६३७११। बरावर काम भएको आधारमा रु. ५२४९१६५। भुक्तानी भएको निर्माण कार्य सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन्: | |
| १८.१ | | | **बिमा** – सार्वजनिक खरिद नियमावली २०६४ को नियम १ मा खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक १० लाख रुपैयाँ सम्म लागत अनुमान भएका निर्माण कार्यको बिमा गराउनु पर्ने व्यवस्था गरेको छ । लागत अनुमानको प्रोभिजनल सम आईटममा विमा वापत रु २५०००। व्यवस्था भएकोमा निर्माण व्यवसायीले निर्माण कार्यको विमा गरेको छैन । नियमावली अनुसार निर्माण कार्यको विमा गरिनु पर्दछ । | |
| १८.२ | | | **म्याद थप** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२० मा एनको दफा ५६ बमोजिमको अवस्था परी सम्झौता बमोजिमको काम त्यस्तो सम्झौताको अविधभित्र पुरा गर्न नसकिने भएमा कारण खुलाई सम्झौताको म्याद सकिनु भन्दा २१ दिन अगावै सम्बन्धित सार्वजनिक निकायमा अवधि थपको लागि निवेदन दिने र सार्वजनिक निकायले आवश्यक जाँचवुझ गरी तोकिएको पदाधिकारीले म्याद थप गरिदिन सक्ने व्यवस्था छ । मिति २०७७।२।९ मा सम्झौता भई २०७३।३।२१ मा | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | सम्पन्न गर्नु पर्ने निर्माण कार्य सम्झौता अवधिमा काम समाप्त नगरी म्याद थपको लागि निर्माण व्यवायीले दिएको निवेदन लेखापरीक्षणमा पेश भएन । कार्यालयले आवश्यक जाँचवुझ गरी समयमै निर्णय गर्नुपर्नेमा २०७७।५।१० को निर्णयले २०७७।९।२१ सम्म म्याद थप गरेको देखियो । म्याद थप गर्दा ग्लोवल बैंकको PBG 7020 NPR 00493 को रु ४९१०००। रहेको कार्यसम्पादन जमानतको म्याद २०७७।८।५ सम्म रहेकोमा सोको म्याद थप समेत गरेको देखिएन । उचित कारण देखाई निर्माण व्यवसायीले म्याद थप माग गर्ने र प्राविधिक मूल्याँकन गराई वाँकी काम सम्पन्न गर्न लाग्ने समयावधि अनुमान गरेर मात्र म्याद थप गर्ने गर्नुपर्दछ । | |
| १८.३ | | | **घटी काम** - निर्माण व्यवसायीले कार्यालयसंग सम्झौता गरी जिम्मा लिएको काम तोकिएको परिमाण सम्झौता अवधि भित्र सम्पन्न गर्नुपर्दछ ।निर्माण व्यवसायीसंग म्याद थप समेत मिति २०७७।९।२१ मा सम्पन्न गर्ने गरी रु ६१२६२६५।५० को कामको सम्झौता भएकोमा सम्झौतामा उल्लेख भए अनुसारको काम नगरी लागत अनुमानमा उल्लेख भएको मध्ये providing and placing machine mixed 1:2:4 cement concrete 11.7 m3 गर्नुपर्नेमा 2.03 m3 मात्र गरेको, providing and applying 12.5mm thick 1:4 cement plaster 681.34 sq. meter गर्नु पर्नेमा 377.94 sq meter मात्र गरेको, painting works of new plaster 481.46 sq meter गर्नु पर्नेमा नगरेको, Ms entrance gate works को काम नै नभएको र सम्झौता भन्दा ७६२५५४। घटीको काम भई रु ५३६३७११।३६ को मात्र काम भएकोमा कार्यालयले निर्माण व्यवसायीलाई पुरै काम नगरेकोमा कारवाही गरेको छैन। कार्यलयले प्राविधिक मूल्याँकन गर्दा पुरै परिमाणको काम नहुँदा कारण समेत नखोलि भए गरेको कामको मूल्याँकनका आधारमा कार्य सम्पन्न प्रतिवेदन तयार गरी भुक्तानी दिएको छ । सार्वजनिक खरिद नियमावली र सम्झौतामा उल्लेख भए अनुसार कारवाही गरिनु पर्दछ । | |
| १९ | | | **कन्टेन्जेन्सी खर्च**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० संग सम्बन्धित अनुसूची १ अनुसार वर्क चार्ट स्टाफ खर्च २ प्रतिशत र सानातिना खर्च २ प्रतिशत समेत ४ प्रतिशत कन्टेन्जेन्सी खर्च गर्न पाईने व्यवस्था छ । कार्यालयले निम्न योजनामा लागत अनुमान तयार गर्दा २.५ प्रतिशत कन्टेन्जेन्सी सहित राखि तयार गरेकोमा ठेक्का व्यवस्थापन गर्दा कन्टेन्जेन्सी सहितको रकममा मूल्याँकन गरेकोमा ठेक्का मूल्याँकन गर्दा कन्टेन्जेन्सी बाहेक मूल्याँकन गरेकोमा भुक्तानी दिंदा निर्माण व्यवसायीले पाउने रकमवाट समेत पुन कन्टेन्जेन्सी कट्टा गरी भुक्तानी गरेकोले संघिय समपुरक योजनामा दोहोरो कन्टेन्जेन्सी खर्च लेखेकोले बढी कन्टेन्जेन्सी खर्च लेखेको रकम नियम सम्मत नदेखिएको रु | २७४,२१५ |

| योजनाको नाम | लागत अनुमान | लागत अनुमानमा कन्टेन्जेन्सी | मूल्याँकन | भुक्तानी/ बजेट खर्च | भुक्तानीमा दोहोरो कन्टेन्जेन्सी कट्टा गरेको रकम |
|---|---|---|---|---|---|
| रानीवास उल्लिखोला मोटर | ४०००००० | १००००० | ३८५४५२१ | ३८५४५२१ | ८५२७७ |
| रानीवास चौतारा बलेटक्सार रिङरोड | ४०००००० | १००००० | ३८९०६५० | ३८९०६५० | ८६०५४ |
| वडा नं ३ को वडा कार्यालय भवन निर्माण | ५०००००० | १२५००० | ४६५५३४४ | ४६५५२५८ | १०२८८४ |
| जम्मा | | | | | २७४२१५ |

| | | | | |
|---|---|---|---|---|
| २० | १८ | २०७७-१०-७ | **वडा नं ३ को वडा कार्यालय भवन**<br>**क्षतिपूर्ति** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२१(क) मा निर्माण व्यवसायीको ढिलाईका कारण खरिद सम्झौता बमोजिमको काम सो सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई सम्झौता रकमको दश प्रतिशतमा नवढ्ने गरी साधारणतया प्रतिदिन सम्झौता रकमको शुन्य दशमलव शुन्य पाँच प्रतिशत क्षतिपूर्ति लिनुपर्ने व्यवस्था छ ।लागत अनुमान रु. ५००००००। रहेको वडा नं ३ को वडा कार्यालय भवन आ व २०७६।७७ मा ठेक्का व्यवस्थापन भई आईसा आरती निर्माण सेवाले कवोल गरेको रु ४६५५३४४।३७ मा म्याद थप समेत मिति २०७७।६। २५ मा सम्पन्न गर्नेगरी मिति २०७७।१।२६ मा सम्झौता भई रु ४६५५३४४। मूल्याँकनको आधारमा रु ४६५५२५८। भुक्तानी भएको छ । निर्माण व्यवसायीले समयमा काम नगरी २०७७।६।२९ मा म्याद थपको लागि निवेदन दिए पनि म्याद थप भएको देखिएन । निर्माण व्यवसायीले २०७६।६।२४ को मिति राखि अन्तिम विल भुक्तानीको लागि निवेदन दिएकोमा दर्ता नं ८६१ मिति २०७७।९।१९ मा मात्र दर्ता भएको र निर्माण व्यवसायीलाई भौ नं १८-२०७७।१०।७ बाट अन्तिम विलको रु १५१४६४७। भुक्तानी दिएको छ । निर्माण व्यवसायीले सम्झौता अवधि भित्र कामनै सम्पन्न नगरी अन्तिम भुक्तानी माग गरेको देखिएकोले ८३ दिनको ०.०५ प्रतिशतले हुने रु १९३१९७। हर्जना असूल गर्नुपर्ने रु | १९३,१९७ |
| २१ | | | **योजना टुक्रयाएको**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८ बमोजिम खरिद योजना तयार गर्नुपर्ने र नियम ९(१) मा लागत अनुमान तयार गर्दा विचार गर्नुपर्ने सम्बन्धमा व्यवस्था छ । योजना कार्यान्वियन गर्दा खरिद योजना वेगर र लागत अनुमान तयार गर्दा विचार गर्नुपर्ने विषय विचारनै नगरी धिउवेशी खेल मैदान | १०,८२४,५११ |

निर्माण र बलेटक्सार टाहाटिम उल्लीखोला सडक कालोपत्रे निर्माण कार्यको लागत अनुमान टुक्रयाई २/२ प्याकेज बनाई निम्नानुसार कार्यान्वयन गराएको पाईयो ।

| भौचर नं. मिति | योजानाको नाम | बजेट श्रोत | लागत अनुमान (मू.अ. कर र कन्टेन्जेन्सी समेत) | निर्माण व्यवसायी | कवोल रकम | मूल्याँकन | कूल भुक्तानी |
|---|---|---|---|---|---|---|---|
| २७-०७७।१०।२१ | घिउवेशी खेल मैदान निर्माण | प्रदेश समपुरक | ५०००००० | आईसा आरती निर्माण सेवा | २९२८५२७।४९ | २८२४८२४ | २८२४८२३ |
| ११३-०७८।२।१८ | | | | | | | |
| १०-०७७।१२।२३ | | प्रदेश विशेष | २५००००० | आईसा आरती निर्माण सेवा | १६३८२८९।९७ | १६०७२९६।२९ | १६०७२९६ |
| १९२-०७८।३।२५ | बलेटक्सारटाहाटिम उल्लीखोला सडक कालोपत्रे | प्रदेश समपुरक | ५०००००० | राजेश्वरी कन्स्ट्रक्सन | ४७४१४७१।०६ | ३३७०२५६।६४ | ३३७०२५६ |
| २९३-०७८।३।२७ | | संघीय समपुरक | ५०००००० | साईन कन्स्ट्रक्सन | ४७८१३०० | ३०२२१३५।२८ | ३०२२१३६ |
| २१३-०७८।३।२७ | | | | | | | |
| जम्मा | | | | | | | १०८२४५११ |

उल्लेखित योजनाको सम्बन्धमा देखिएका थप व्यहोराहरु निम्नानुसार छन्ः

क) कार्यालयले लागत अनुमान तयार भएको मिति, स्वीकृत गरेको मिति उल्लेख नगरेको र एकमुष्ट लागत अनुमान तयार नगरी लागत अनुमान टुक्रयाई खरिद गर्नुपर्नाको आधार लेखापरीक्षणमा पेश नभएको ।

| | | | | |
|---|---|---|---|---|
| | | | ख) योजनाको विस्तृत लागत अनुमान तयार नगरी योजना टुक्रयाई साना प्याकेज बनाएको,<br>ग) निर्माण व्यवसायीले सम्पन्न गरेको कामको नापजाँच गरेको मिति, प्राविधिक मूल्यांकन र कार्यसम्पन्न तयार गरेको मिति उल्लेख नगरेको ।<br>घ) बलेटक्सार टाहाटिम उल्लीखोला सडक कालोपत्रे निर्माण कार्यको योजना सम्पन्न नहुँदै लागत अनुमानमा उल्लेख भएको कन्टेन्जेन्सी रु २५००००। पुरै खर्च लेखेको ।<br>ङ) बलेटक्सार टाहाटिम उल्लीखोला सडक कालोपत्रे निर्माण कार्यको साईन कन्स्ट्रक्सनले म्याद थप समेत २०७८।९।३० भित्र सम्पन्न गर्ने गरी ठेक्का सम्झौता गर्दा कार्यसम्पादन जमानत २०७९।१०।३० सम्मको आवश्यक पर्नेमा कृषि विकास बैंकको PB/159/0091/5479/21 Rs २४००००। को म्याद मिति २०७८।३।१९ सम्म रहेको ।<br>च) निर्माण व्यवसायीले बलेटक्सार टाहाटिम उल्लीखोला सडक कालोपत्रे निर्माण कार्यको दुवै ठेक्काको म्याद थपको लागि २०७८।१।२८ मा निवेदन दिए पनि क्रमश मिति २०७८।७।२ र २०७८।६।२४ मा निर्णय गरेकोले निर्णमा ढिलाई गरेको ।<br>अतः कार्यालयले लागत अनुमान टुक्रयाई प्रतिस्पर्धा सिमित हुने गरी खरिद गरेको र खरिद व्यवस्थापनलाई झञ्झटिलो तथा प्रशासनिक खर्च र समय बढी लाग्ने गरी कार्यपालिकाको निर्णयवाट खरिद तथा भुक्तानी गरेको नियमसम्मत तथा मितव्ययी नदेखिएको रु. | |
| २२ | | | **छम्दी स्टील ट्रस व्रिज**<br>**क्षतिपूर्ति** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२१(क) मा निर्माण व्यवसायीको ढिलाईका कारण खरिद सम्झौता बमोजिमको काम सो सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई सम्झौता रकमको दश प्रतिशतमा नवढ्ने गरी साधारणतया प्रतिदिन सम्झौता रकमको शुन्य दशमलव शुन्य पाँच प्रतिशत क्षतिपूर्ति दिनुपर्ने व्यवस्था छ । झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रमले तयार गरेको छम्दी स्टील ट्रस व्रिजको लागत अनुमान रु. २४२६८९२। मा स्टील पार्टस खरिदको रु ९२३००१।९८ लागत अनुमान तयार गरी ठेक्का व्यवस्थापन गर्दा एस के ईन्जिनियरिङले कवोल गरेको रु ८१९२६५।३० मा मिति २०७७।१।१८ मा सप्लाई गर्नेगरी मिति २०७६।११।१८ मा सम्झौता भएकोमा सप्लायर्सले समयमा सप्लाई गरेको देखिएन । सप्लायर्सले २०७७।१।१ मा म्याद थपको लागि निवेदन दिए पनि म्याद थप भएको देखिएन । सप्लायर्सले २०७७।६।१४ को मिति राखि विल जारी गरेकोमा कार्यालयले सामान प्राप्तीको अभिलेख राखेको छैन ।कार्यालयले सप्लायर्सलाई भौ नं २-२०७७।६।२७ बाट रु ८१९२६५। भुक्तानी दिएको छ । निर्माण व्यवसायीले सम्झौता अवधि भित्र सामान आपूर्ति गरेको नदेखिएकोले १५२ दिनको ०.०५ प्रतिशतले हुने रु ६२२६४। हर्जना असूल गर्नुपर्ने रु | ६२,२६४ |
| २३ | | | **जनवोध मा वि भवन निर्माण ठे.नं. ORRM-GL-NCB-16-077/78**<br>लागत अनुमान रु. १,५०,००,०००। मू अ कर र कन्टेन्जेन्सी समेत रहेको जनवोध मा वि भवन निर्माण कार्यको लागि ठेक्का व्यवस्थापन हुंदा रुरु कन्स्ट्रक्सनले कवोल गरेको रु ९८१९९९९।४८ मा मिति २०७८।३।२१ मा सम्पन्न गर्नेगरी मिति २०७८।१।२१ मा सम्झौता भएको निर्माण कार्य सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन्: | |

| | | | | |
|---|---|---|---|---|
| २३.१ | | | **निर्माण कार्यको समयावधि-** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९ मा लागत अनुमान तयार गर्दा अन्य कुराको अतिरिक्त काम सम्पन्न गर्न लाग्ने अधिकतम समय र रकम समेत विचार गरी लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । उक्त निर्माण कार्यको लागत अनुमान तयार गर्दा र सम्झौता गर्दा उक्त कुराको बिचार नपुर्याई मिति २०७८।१।२१ मा २०७८।३।२१ मा सम्पन्न गर्ने गरी अर्थात ६० कार्य दिनको अवधि दिई सम्झौता गरेको छ । कन्टेन्जेन्सी कटाई रु १४६२५०००। हजार लागत अनुमान रहेको निर्माण कार्यको लागत अनुमान तयार गर्दा र सम्झौता गर्दा कामको प्रकृति अनुसार काम गर्न लाग्ने न्यूनतम अवधिलाई ध्यान नदिएको देखिएकोले यसमा सुधार हुनुपर्दछ । | |
| २३.२ | | | **ठेक्का हस्तान्तरण** – कार्यालयले व्यवस्थापन गरेको ठेक्का आफैले कार्यान्वयन गर्नु पर्नेमा नगरी ठेक्का कार्यान्वयन विद्यालयलेनै गराउने गरी हस्तान्तरण गरेको छ । साथै बजेट फ्रिज नगराउने उद्देश्यले ठेक्का सम्झौता सहित निर्माण व्यवसायीले कवोल गरेको रकम समेत भौ नं १२०-२०७८।३।३० बाट कन्टेन्जेन्सी रु. २,४५,०००।- र ठेक्का रकम रु.९८,१९,९९९।- समेत रु.१,००,६५,४९९।- विद्यालयको खातामा अनुदान निकासा भनी निकासा खर्च लेखेको छ । आफूले सम्झौता गरेको ठेक्का स्वयले कार्यान्वयन गर्नुपर्नेमा नगरी बिद्यालयलाई हस्तान्तरण गरेको छ । बिद्यालयले ठेक्का कार्यान्वयन गरेको नापी किताव, प्राविधिक मूल्याँकन समेतको कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रु | ९,८१९,९९९ |
| २३.३ | | | **कन्टेन्जेन्सी खर्च** – स्थानीय र प्रदेश तहमा ससर्त अनुदान एवं शिक्षा विकास समन्वय ईकाईवाट कार्यान्वयन हुने कार्यक्रमसंग सम्बन्धित कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७।७८ को बुंदा ३ कार्यक्रम कार्यान्वयन मार्गदर्शनको उपवुंदा प मा ससर्त अनुदान अन्तर्गत स्थानीय तहमा प्राप्त भएका विद्यालय भौतिक पूर्वाधार विस्तार कार्यक्रमको रकमवाट कन्टेन्जेन्सी रकम कट्टी गर्न नपाईने र बिद्यालयलाई भौतिक सुविधा विस्तारका लागि तोकिएको ससर्त अनुदान रकम अपर्याप्त भएमा स्थानीय तहले स्वीकृत लागत अनुमानका आधारमा आफ्नो श्रोतवाट थप गर्न सक्ने छ । निर्माण कार्यको प्राविधिक सुपरीवेक्षण एवं प्रशासनिक अनुगमन गर्नु स्थानीय तहको दायित्व हुने व्यवस्था गरेको छ । उल्लेखित निर्माण कार्यको लागत अनुमान तयार गर्दा कन्टेन्जेन्सी वापत रु ३७५०००। व्यवस्था गरी विद्यालयलाई ठेक्का हस्तान्तरण गर्दा रु २४५५००। कन्टेन्जेन्सी समेत उपलव्ध गराएको कार्यविधि अनुरुप नदेखिएकोले असूल गरी संघिय संचित कोष दाखिला गर्नुपर्ने रु | २४५,५०० |
| २४ | | | **कृषि वजार निर्माण कार्य** | |

| | | | | |
|---|---|---|---|---|
| | | | लागत अनुमान रु. ५०,००,०००। मू अ कर र कन्टेन्जेन्सी समेत रहेको कृषि वजार निर्माण कार्यको लागि ठेक्का व्यवस्थापन हुंदा भई आईसा आरती निर्माण सेवाले कवोल गरेको रु ३८२६६९७। मा म्याद थप समेत मिति २०७८।९।१४ सम्ममा सम्पन्न गर्नेगरी मिति २०७८।१।१४ मा सम्झौता भई रु ८२८४१५। भुक्तानी भएको निर्माण कार्य सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन्: | |
| २४.१ | | | **म्याद थप** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२० मा एनको दफा ५६ बमोजिमको अवस्था परी सम्झौता बमोजिमको काम त्यस्तो सम्झौताको अविधभित्र पुरा गर्न नसकिने भएमा कारण खुलाई सम्झौताको म्याद सकिनु भन्दा २१ दिन अगावै सम्बन्धित सार्वजनिक निकायमा अवधि थपको लागि निवेदन दिने र सार्वजनिक निकायले आवश्यक जाँचवुझ गरी तोकिएको पदाधिकारीले म्याद थप गरिदिन सक्ने व्यवस्था छ । मिति २०७८।१।१४ मा सम्झौता भई २०७८।३।१४ मा सम्पन्न गर्नु पर्ने निर्माण कार्य सम्झौता अवधिमा काम समाप्त नगरी म्याद थपको लागि निर्माण व्यवायीले दिएको निवेदन लेखापरीक्षणमा पेश भएन । कार्यालयले आवश्यक जाँचवुझ गरी समयमै निर्णय गर्नुपर्नेमा २०७८।६।२४ को निर्णयले २०७७।९।१४ सम्म म्याद थप गरेको देखियो । उचित कारण देखाई निर्माण व्यवसायीले म्याद थप माग गर्ने र प्राविधिक मूल्याँकन गराई वाँकी काम सम्पन्न गर्न लाग्ने समयावधि अनुमान गरेर मात्र म्याद थप गर्ने गर्नुपर्दछ । | |
| २४.२ | १०९ र ४ | २०७८-३-२७ | **कन्टेन्जेन्सी खर्च** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० संग सम्बन्धित अनुसूची १ अनुसार वर्क चार्ट स्टाफ खर्च २ प्रतिशत र सानातिना खर्च २ प्रतिशत समेत ४ प्रतिशत कन्टेन्जेन्सी खर्च गर्न पाईने व्यवस्था छ । कृषि बजार निर्माण कार्यको लागि संघीय सरकार र स्थानीय तहको लागत सहभागितामा यस योजनाको लागत अनुमान तयार गर्दा २.५ प्रतिशतले रु १२५०००। व्यवस्था गरेको छ । उक्त निर्माण कार्यको प्रथम रनिङ विलवाट रु ७०३४१६।५३ को मुल्याँकन भएकोमा भौ नं १०९ र ४-०७८।३।२७ बाट ८२८४१५। खर्च लेखेकोमा लागत अनुमानमा भएको पुरै कन्टेन्जेन्सीको रकम समेत बजेट खर्च लेखेको छ । योजनामा भएको कामको अनुपातमा कन्टेन्जेन्सी खर्च लेख्नुपर्नेमा सो वेगर बजेट फ्रिज नगराउने उद्वेश्यले संघिय सरकार सशर्त अनुदानवाट पुरै कन्टेन्जेन्सी रु १५००००। बजेट खर्च लेखेकोमा उक्त रकमबाट योजनामा असम्बन्धित कार्य ईन्धन व्याग झोला रेनकोट कार्यालयमा दुध लगायतमा भौ नं १२७-०७८।३।३० बाट ९९२९९। खर्च लेखेको छ । बजेट फ्रिज नगराउने उद्वेश्यले पुरै कन्टेन्जेन्सी खर्च लेखि योजना बाहेक अन्य काममा खर्च लेखेको नियमसम्मत नदेखिएको रु | १५०,००० |
| २५ | | | **ग्वादी स्वास्थ् चौकी भवन निर्माण कार्य** | |

| | | | | |
|---|---|---|---|---|
| | | | लागत अनुमान रु. १,५०,००,०००। मू अ कर र कन्टेन्जेन्सी समेत रहेको ग्वादी स्वास्थ्य चौकी भवन निर्माण कार्यको लागि ठेक्का व्यवस्थापन हुंदा भई श्रीकृष्ण कन्स्ट्रक्सनले कवोल गरेको रु ९१९२८९८।३९ मा म्याद थप समेत मिति २०७८।८।५ सम्ममा सम्पन्न गर्नेगरी मिति २०७७।८।५ मा सम्झौता भएको निर्माण कार्य सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन्: | |
| २५.१ | | | | |
| २५.२ | | | **बिमा तथा प्रयोगशाला परीक्षण-** प्रोभिजनल सम आटममा रहेको बिमा र प्रयोगशाला परीक्षणको कार्य सम्झौताका सर्त अनुसार गरिनु पर्दछ । कार्यलयले उक्त निर्माण कार्यको लागि विल अफ क्वाण्टिटिको जनरल आईटममा विमा वापत रु ५००००। र प्रयोगशाला परीक्षण वापत रु ३००००। राखकोमा तस्रो रनिङ विलको भुक्तानी गर्दासम्म विमा र प्रयोगशाला परीक्षण भई भुक्तानी गरेको देखिएन । निर्माण समाग्री र निर्मित संरचनाको जोखिम न्यूनीकरण गर्न विमा गुणस्तर सुनिश्चितता गर्न प्रयोगशाला परीक्षण गरिनु पर्दछ। | |
| २५.३ | बिभिन्न | | **कन्टेन्जेन्सी खर्च** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० संग सम्बन्धित अनुसूची १ अनुसार वर्क चार्ट स्टाफ खर्च २ प्रतिशत र सानातिना खर्च २ प्रतिशत समेत ४ प्रतिशत कन्टेन्जेन्सी खर्च गर्न पाईने व्यवस्था छ । कार्यालयले लागत अनुमान तयार गर्दा २.५ प्रतिशतले रु ३७५०००। कन्टेन्जेन्सी राखेकोमा निर्माण व्यवसायीले रु ९१९२८९८।३९ मू अ कर समेत कवोल गरेको निर्माण कार्यको तेस्रो रनिङ विलसम्म रु ६०८२११०। मूल्याँकन भई रु ६३५१४३३।६६ बजेट खर्च लेखेको छ । निर्माण कार्य रु ६०८२११०। को २.५ प्रतिशतले रु १५२०५२। कन्टेन्जेन्सी खर्च लेख्न पाउनेमा रु २६९३२३। खर्च लेखेकोले बढी कन्टेन्जेन्सी खर्च लेखेको रु ११७२७१। संघिय संचित कोष फिर्ता गर्नुपर्ने रु ११७२७१ | ११७,२७१ |
| २६ | बिभिन्न | | **उपभोक्ता समिति कार्य**<br>निर्माण व्यवसायीको प्रयोग – सार्वजनिक खरिद ऐन, २०६४ को दफा ९७(१०) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नुपर्नेछ र कुनै निर्माण व्यवसायी वा सव कन्ट्राक्टरवाट गराउन नसकिने व्यवस्था छ। कार्यालयले उपभोक्ता समिति मार्फत कार्य गराउने गरी सम्झौता गरेका अधिकांश योजनाहरु उपभोक्ता समिति आफैले काम नगरी निर्माण व्यवसायीसंग सम्झौता गरी काम गराई कार्यालयबाट भुक्तानी हुने रकम बरावर निर्माण व्यवसायीहरुको डोजर विल राखी भुक्तानी लिने गरेको देखियो।नमुना छनौटको आधारमा परीक्षण गर्दा उपभोक्ता समितिले कार्यालयवाट तयार गरेको कार्यसम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी हुने रकम बरावर निर्माण व्यवसायीको मू.अ.कर विजक राखी भुक्तानी प्राप्त गर्ने गरेको छ । उपभोक्ता समितिको श्रम योगदान नहुने तर केवल प्रक्रिया पुर्‍याउने प्रयोजनको लागि उपभोक्ता समितिसंग सम्झौता गरेकोले उपभोक्ता समिति निर्माण व्यवसायीको मध्यस्थकर्ताको रुपमा मात्र काम गर्ने गरेको देखिएको रु | २,७८२,०४३ |

| भौ.नं. मिति | योजनाको नाम | लागत अनुमान | कार्यालयले व्यहोर्ने रकम कन्टेन्जेन्सी सहित | प्राविधिक मूल्यांकन | भुक्तानी | निर्माण व्यवसायीको नाम | निर्माण व्यवसायीको विल रकम |
|---|---|---|---|---|---|---|---|
| ९-०७७।९।५ | वलेटक्सार रानीवास त्वाँगा मो वा | ३२९००८ | ३००००० | ३३६५०८ | ३००००० | पानोरमा निर्माण सेवा | ३२४०९९ |
| ३४-०७७।१०।२२ | ३ नं वडाका सवै वाटो मर्मत | ६५१६८४ | ६००००० | ६६२६८४ | ५९६४२६ | पानोरमा निर्माण सेवा<br>आईसा आरती निर्माण सेवा | ६४६७५५ |
| ५०-०७७।११।२३ | ६ नं वडाका सवै वाटो मर्मत | १३००११० | १२००००० | १३००००० | ११९५५४१ | शुभ रुरु कन्स्ट्रक्सन | १२९४४०५ |
| ९३-०७७।१२।२६ | २ नं वडाका सवै वाटो मर्मत | ७८०३०० | ७००००० | ७५१७३३ | ६९००७६ | शुभ रुरु कन्स्ट्रक्सन | ७६२७४९ |
| जम्मा | | | | | २७८२०४३ | | |

२७

**परामर्श सेवा**

सर्भे तथा डि.पि.आर – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ बमोजिम परामर्श सेवा कार्यको लागत अनुमान तयार गरी नियम ७० बमोजिम २० लाख सम्म लागत अनुमान भएको परामर्श कार्य मौजुदा सूचीवाट ३ देखि ६ परामर्शदाता कम्पनीको प्रस्ताव लिई कार्य गराउन सकिने व्यवस्था छ। कार्यालयले लागत अनुमान रु.१२३२३३९। रहेको कोल्ड स्टोर निर्माण कार्यको डि.पि.आर निर्माण गर्न जियव इञ्जिनियरिङ एण्ड मनेजमेन्ट सर्भिसेज प्रा.ली संग रु.१२०००६०।, मिति २०७७।९।१६ मा सम्झौता भई मिति २०७७।११।१५ मा सम्पन्न गर्ने गरी कार्य भएको छ। यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन् ;

| | | | | | |
|---|---|---|---|---|---|
| २७.१ | | २०७९-१-१५ | कार्यालयले स्वीकृत नर्म्स अनुसार परामर्शदाताको खर्च रकम भुक्तानी गर्नुपर्दछ। भवन निर्माणको डि.पि.आर तयार गर्न कार्यालयले भवन विभागबाट जारी दररेट लिइ कार्य गर्नुपर्नेमा डोलिडारले तयार गरेको दररेटलाइ आधार बनाएर लागत अनुमान तयार गरेको छ।निर्माण कार्य गर्दा सम्बन्धित क्षेत्रले तय गरेको दररेटलाइ आधार लिइ लागत अनुमान तयार गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ। | | |
| २७.२ | | | पूर्वनिर्धारित क्षतिपूर्ति – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ (क) मा सम्झौताको शर्त बमोजिम सम्झौता अवधि भित्र कार्य सम्पन्न नगरेमा परामर्शदाताले सार्वजनिक निकायलाई सम्झौता रकमको १० प्रतिशतमा नबढने गरी प्रति दिन सम्झौता रकमको शुन्य दशमलव शुन्य पाँच प्रतिशत हर्जना व्यहोनुपर्ने उत्लेख छ। कोल्ड स्टोर निर्माण कार्यको डि.पि.आर तयार बापत जियो इञ्जिनियरिङ एण्ड मनेजमेन्ट सर्भिसेजलाई मिति २०७८।३।१० को विलबाट रु.१२,००,०६०। भुक्तानी गरेको छ। कार्यालयले उक्त फर्मबाट डि.पि.आरको अन्तिम प्रतिवेदन कहिले प्राप्त गर्‍यो सोको प्रमाण खुल्ने कागजात श्रेस्तासाथ संलग्न गरेको छैन। कार्यापालिकाले मिति २०७७।१२।१८ मा डि.पि.आर स्वीकृत गरेको आधारमा उक्त फर्मले ३३ दिन ढिला गरी कार्य सम्पन्न गरेको छ।भने म्याद थप सम्झौता लेखापरीक्षणमा पेश भएन। सम्झौता बमोजिम समयमा कार्यसम्पन्न गरेको प्रमाण पेश नभएकोले सम्झौताको शर्त बमोजिम ३३ दिनको रु.१९८०१। हर्जना कट्टि गर्नुपर्ने रु. | १९,८०१ | |
| २७.३ | | | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ बमोजिम परामर्श सेवा कार्यको लागत अनुमान तयार गरी नियम ७० बमोजिम २० लाख सम्म लागत अनुमान भएको परामर्श कार्य मौजुदा सूचीवाट ३ देखि ६ परामर्शदाता कम्पनीको प्रस्ताव लिई कार्य गराउन सकिने व्यवस्था छ। कार्यालयले लागत अनुमान रु.१४५७६२५। रहेको गाउँपालिका भवन निर्माण कार्यको डि.पि.आर निर्माण गर्न क्राउन डिजाइन एण्ड रिसर्च सेन्टर प्रा.ली संग रु.१४१२५००।, मिति २०७७।९।१६ मा सम्झौता भई मिति २०७७।११।१५ मा सम्पन्न गर्ने गरी कार्य भएको छ। उक्त कार्यको भुक्तानी परिक्षण गर्दा सो कार्यको भुक्तानीको लागि फर्मले मिति २०७७।११।१२ मा कार्य सम्पन्न गरेको पत्र पठाएको छ भने कार्यालयले मिति २०७८।३।१० मा पत्र दर्ता गरी सोही मितिको विलबाट रु.१४१२५००। भुक्तानी गरेको छ। सो कार्यको डि.पि.आर स्वीकृति मिति २०७७।१२।३१ को कार्यपालिकाबाट स्वीकृत भइ कार्यान्वयनमा लैजाने निर्णय गरेबाट भए गरेको कार्य सम्बन्धमा विश्वस्त हुन सकिएन। आर्थिक कारोबारको सृजना देखी भुक्तानी चरण सम्मका कागजात सिलसिलेवार रुपमा व्यवस्थित गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ। | | |

२७.४

परामर्श दातासंग भएको सम्झौता बमोजिम सम्झौता भएको मितिले १ महिना भित्र डि.पि.आर को प्रारम्भिक प्रतिवेदन पेश गर्नुपर्ने, २ महिना भित्र मस्यौदा प्रतिवेदन पालिकाका पदाधिकारीहरु समक्ष पेश गर्नुपर्ने र मस्यौदा प्रतिवेदन उपर पालिकाका पदाधिकारीहरुसंग छलफल गर्नुपर्ने र कार्यालयले मस्यौदा प्रतिवेदनको अध्ययन गरी प्रतिवेदनमा देखिएका कमि कमजोरीहरुलाई सुधार गर्न दिएको मितिले महिना भित्र अन्तिम प्रतिवेदन जारी गर्नुपर्ने उल्लेख छ । कार्यालयले परामर्श दाताबाट मस्यौदा प्रतिवेदन प्राप्त गरी सोको अध्ययन पश्चात अन्तिम प्रतिवेदन जारी गरेको विषय लेखापरीक्षण समक्ष पेश भएन । यसबाट कार्यालयको सुझाब समेटिने गरी अन्तिम प्रतिवेदन जारी भए नभएको विश्लेषण गर्न सकिएन।

२७.५

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८१क को उपनियम १क बमोजिम १० लाख देखी ५० लाख सम्मको परामर्श सेवाको लागत अनुमान राजपत्राँकित द्बितीय श्रेणीको कार्यालय प्रमुखबाट स्वीकृत गराउनुपर्ने व्यवस्था छ। कार्यालयले १० लाख भन्दा बढिको लागत अनुमान राजपत्राङ्कित तृतीय श्रेणीको कार्यालय प्रमुखबाट स्वीकृत गर्ने गरेको छ । कार्यालयको लागत अनुमान तयार र स्वीकृती कार्य नियमसम्मत देखिएन । नियमावली अनुसार लागत अनुमान तयारी तथा स्वीकृत सम्बन्धी कार्यहरु गरिनुपर्दछ ।

| क्र.स | विवरण | परामरश दाताको नाम | लागत अनुमान | सम्झौता रकम |
|---|---|---|---|---|
| 1 | कोल्ड स्टोर निर्माण | जियव इञ्जिनियरिङ एण्ड मनेजमेन्ट सर्भिसेज प्रा.ली | १२३२३३९ | १२०००६० |
| 2 | १५ शैया हस्पिटल भवन निर्माण | इगल्स् सोलुसन्स प्रा.लि | १४१९७८३ | १३४९२२० |
| 3 | गाउँपालिका भवन निर्माण | क्राउन डिजाइन एण्ड रिसर्च सेन्टर प्रा.ली | १४५७६२५ | १४१२५०० |

२८

**सोझै खरिद**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने, सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५(१)अनुसार रु ५ लाख रुपैया सम्म लागत अनुमान भएको मालसामान, नियम ८५(१ख) अनुसार सार्वजनिक निकायले एक आर्थिक

| | | | | |
|---|---|---|---|---|
| | | | बर्षमा एकै पटक वा पटक पटक गरी सिमा भन्दा बढि रकमको वा एउटै व्यक्ति, फर्म कम्पनी वा संस्थाबाट एकपटक भन्दा बढि सोझै खरिद गर्न सकिने छैन भन्ने व्यवस्था छ । नमुना छनौट विधिबाट परीक्षण गर्दा कार्यालयले यस आर्थिक बर्षमा विभिन्न कार्यालय सामान तथा फर्निचरहरु विभिन्न मितिमा १२ फर्महरुसँग पटक पटक गरी रु.३०,५१,५५२/- को सोझै खरिद गरेको छ। नियमावली विपरीत प्रतिस्पर्धात्मक खरिदलाई प्रभाव पार्ने गरी भएको यस प्रकारको खरिद कार्यमा नियन्त्रण हुनुपर्दछ। | |
| २९ | | | **स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम**<br>स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रममा यसवर्ष ४ योजनाको लागि रु ६५ लाख विनियोजन भएकोमा रु २६५४५७९। खर्च भई वित्तिय प्रगति ४०.८४ प्रतिशत रहेको छ । कार्यक्रम कार्यान्वयनका सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन्: | |
| २९.१ | | | **योजना कार्यान्वयन नभएको** – योजना तर्जुमा प्रकृया पुरा गरी छनौट भएको योजनामा कार्यान्वयन गरिनु पर्दछ । स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम अन्तर्गत नगरपालिकाले कार्यान्वयन गर्ने गरी ४ योजनामा रु ६५ लाख विनियोजन भएकोमा शैक्षिक विकास योजनाको लागि विनियोजन भएको रु १० लाख योजना कार्यान्वयन नभई बजेट फ्रिज भएको पाईयो । स्वीकृत योजना बजेट विनियोजन भए पनि कार्यान्वयन नगरेकोले योजनाले लिएको लक्ष्य पुरा हुन नसकेकोले योजना कार्यान्वयन गराउने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । | |
| २९.२ | | | कार्यक्रम टुक्रयाएको - स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली, २०७७ को बुँदा १० (६) अनुसार आयोजना छनौट गर्दा कम्तीमा १० लाख लागत भएका योजना छनौट गर्नुपर्ने व्यवस्था विपरित २ निर्वाचन भएको र माननीय प्रदिप ज्ञवालीको निर्वाचन क्षेत्रमा पर्ने यस पालिकाको योजना छनौट गर्दा चौतारा लामाखर्क मोटर वाटोको लागि रु १५ लाख विनियोजन भएको योजना कार्यान्वयन गर्दा योजना टुक्रयाई चौतारा लामाखर्क योजनामा रु ५ लाख बलेटक्सार त्वाँगा उल्लीखोला कल्भर्टको लागि रु ५ लाख र काउलेखोला डुम्रीखर्क सिंचाई कूलोको लागि रु ५ लाख बनाई भौ नै १,७ र ११ मिति २०७८।३।२४ बाट रु १२५५१०७। खर्च लेखेको छ । कार्यविधि विपरित योजना कार्यान्वयन गरी भुक्तानी दिएको नियमसम्मत नदेखिएको रु | १,२५५,१०७ |
| ३० | | | **सामाजिक सुरक्षा कार्यक्रम** | |
| ३०.१ | | | तथ्यांक अध्यावधिक - सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ को बुदा नं. १२ अनुसार विभागले स्थानीय तहमा सामाजिक सुरक्षा सम्बन्धी सूचनालाई व्यवस्थित गर्न स्थानीय तह, विभाग बैङ्क र वित्तीय संस्था विच प्रणालीगत | |

| | | | | |
|---|---|---|---|---|
| | | | सम्बन्ध स्थापना गरी सामाजिक सुरक्षा भत्ता वितरणलाईं प्रभावकारी र पारदर्शी बनाउन केन्द्रीकृत व्यवस्थापन सूचना प्रणाली कार्यान्वयनमा ल्याउने र उक्त प्रणालीमा लाभग्राहीको विवरण प्रविष्टि गरी अद्यावधिक गर्ने जिम्मेवारी सम्बन्धीत स्थानीय तहको हुने उल्लेख छ। कार्यालयले प्रत्येक बर्ष सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीको तथ्याङ्क, कार्यविधि बमोजिम अद्यावधिक गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्नेमा अध्यावधिक तथ्याङ्क लेखापरीक्षणको क्रममा पेश गरेको छैन। कार्यविधि बमोजिम कार्यालयले केन्द्रीकृत व्यवस्थापन प्रणालीमा सुचना अद्यावधिक गर्नुपर्दछ। | |
| ३०.२ | | | सार्वजनिक सुनुवाई - गाउँपालिकाको वडा समितिले प्रत्येक चौमासिकमा कम्तिमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने र सार्वजनिक सुनुवाईबाट प्राप्त गुनासा तथा सुझावहरु मध्ये आफुले सम्बोधन गर्न नसकिने खालका सुझाव तथा गुनासाहरु सम्बोधनका लागि स्थानीय तह कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ। गाउँपालिकाको कुनै पनि वडा समितिले यस सम्बन्धमा नागरिक सुनुवाईको कार्यक्रम सञ्चालन गरेको पाइएन। गाँउपालिकाले यस तर्फ ध्यान दिई वास्तविक लाभग्राहीको अभिलेख अध्यावधिक गर्नुपर्दछ। | |
| ३०.३ | | | भत्ता वितरण - सामाजिक सुरक्षा भत्ता पाउने व्यक्तिहरुको लगत अद्यावधिक गर्ने कार्य बर्ष भरीनै हुने व्यवस्था छ ।कार्यालयले बास्तविक लाभग्राहीको लगत अद्यावधिक गरी बैंकहरुलाई पेश्की निकासा गर्नुपर्दछ।सामाजिक सुरक्षा संचालन कार्यविधि अनुसार कार्यालयले बैंकलाई फरवार्ड फिड तयार गरी सो आधारमा निकासा दिने र बैंकले वितरण पश्चात कार्यालयलाई रिभर्स फिड दिई निकासा, वितरण र मौज्दात रकम यकिन गर्ने र बाँकी रकम कोलेनिका फिर्ता गर्नुपर्नेमा कार्यालयले बैंकबाट रिभर्स फिड प्राप्त नगरी बैंकको पत्रको आधारमा मौज्दात रकम फिर्ता गरेको छ। यसबाट बैङ्कलाई उपलव्ध गराएको तथ्याङ्क अनुसार रकम वितरण भई लगत कट्टा भएको विवरण अनुसार बाँकी रकम फिर्ता भएको छ भनी आश्वस्त हुन सकिएन। रिभर्स फिड प्राप्त गरी बाँकी रकम फरफारक गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ। कार्यालयले बैङ्कलाइ रु.७१५४०५००। निकासा गरी रु ६८५३३७५५। वितरण भई रु.३००४७४५। फिर्ता गरेको विवरण पेश गरेको छ। कार्यालयले तयार गरेको तथ्याङ्क र बैङलाइ दिएको निकासा विवरण निम्नानुसार छ। | |

| बिवरण | बैंकलाई निकासा दिएको | | | बैङ्कले वितरण गरको रकम | |
|---|---|---|---|---|---|
| | संख्या | निकासा रकम | संख्या | वितरण गरेको रकम | वितरण नभएको रकम |
| पहिलो चौमासिक | २४०३ | २०५९९२०० | २१९७ | १९७७४६७७ | ८२४५२३ |
| दास्रो चौमासिक | २७३७ | २६११९२०० | २६५८ | २४२०८७६२ | १९१०४३८ |
| तेस्रो चौमासिक | २७७५ | २४८२२१०० | २७०४ | २४५५२३१६ | २६९७८४ |
| जम्मा | ७९१५ | ७१५४०५०० | ७५५९ | ६८५३५७५५ | ३००४७४५ |

| | | | | |
|---|---|---|---|---|
| ३१ | | | **प्रकोप व्यवस्थापन कोष** | |
| ३१.१ | | | क्वारेन्टाइन खर्च – कार्यालयले क्वारेन्टाइनमा बसेका व्यक्तिहरुलाई खाना नास्ता सहित व्यवस्थापन खर्च बापत गत बर्षको भुक्तानी दिन बाँकी रु.१५५७८०। समेत रु.१८,८४,००८। खर्च गरेको विवरण पेश गरेको छ। कार्यालयले विभिन्न फर्महरुबाट खाद्यान्न लगायतका सामानहरु सोझै खरिद गरेको छ। प्रकोप व्यवस्थापनको लागि सिधै खरिद गर्दा पनि व्यवसायीहरुसंग दर सम्झौता गरेर मात्र खर्च लेख्नु पर्दछ। | |
| ३१.२ | 40 | २०७७-१०-१३ | कार्यालयले हेलेक्स इन्टरप्राइजेज प्रा.ली बाट रु.९८९६८७। बराबरको स्वास्थ्य उपकरण सामाग्री खरिद गरी तम्घास अस्पताललाइ हस्तान्तरण गरेकोमा सामाग्री हस्तान्तरण र तम्घास अस्पतालको जिन्सीमा आम्दानी जनाएको प्रमाण संलग्न नगरेको रु. | ९८९,६८७ |
| ३१.३ | 42 | २०७७-१०-१३ | कार्यालयले भाष्ट स्टोर्सबाट ११७ पिस ग्याविन जाली रु.२९२१। को दरले रु.३४१७६२।- मा खरिद गरेकोमा माग फारमको आधारमा जिन्सी शाखाबाट खरिद बराबरको संख्या खर्च लेखेको छ भने कुन- कुन योजनाहरुमा कति संख्यामा प्रयोग भनी सोको विवरण संलग्न गरेको छैन। सम्बन्धित योजनाहरुमा ग्याविन जाली प्रयोग भएको प्रमाण पेश हुनुपर्ने रु. | ३४१,७६२ |

| | | | | |
|---|---|---|---|---|
| ३२ | | | **शिक्षा कार्यक्रम** | |
| ३२.१ | | | शिक्षा नियमावली, २०५९ को नियम १७९ मा कुनै कामको लागि आबश्यकभन्दा बढी रकम माग गर्ने र निकासा दिने पदाधिकारीलाई कानून बमोजिम कारबाही गरी बढी निकासा वा खर्च भएको रकम असुल उपर गरिने उल्लेख छ। नमुना छनौट गरी १० विद्यालयको त्रैमासिक निकासा माग फाराम भिडान गर्दा कार्यालयले निम्न विद्यालयलाई रु.५९२७९४।- बढि भुक्तानी भएकोले बढी भुक्तानी रकम असुल हुनुपर्नाको साथै बाँकि विद्यालयको हकमा कार्यालयबाट एकिन गरी असुल हुनुपर्ने रु. | ५९२,७९४ |

| विध्यालयको नाम | बढी निकासा रकम | कैफियत |
|---|---|---|
| रिडिमावि | ४००० | प्रचम चौमासिक |
| ग्वादी मावि | ८९१९ | प्रथम र दोश्रो चौमासिक |
| राष्ट्रिय मावि | ९३१५४ | तेश्रो चोमासिक |
| ज्ञानवलेटक्सार | १३७३३२ | दोश्रो चौमासिक |
| जनवोध मावि | ३३५१०१ | प्रथम, दोश्रो र तेश्रो चौमासिक |
| थोर्गाच्युरेक निमावि | ४९५७ | प्रथम चौमासिक |
| वम्घा निमावि | ९३३१ | तेश्रो चोमासिक |
| जम्मा | ५९२७९४ | |

| | | | | |
|---|---|---|---|---|
| ३२.२ | | | कार्यालयले आफुले दिएको अनुदानको उपयोगको सुनिश्चितताको लागी अनुदान रकमको अनुगमन गर्नुपर्दछ ।कार्यालयले विध्यालय भौतिक पुर्वाधार निर्माण र शैक्षिक सुधार कार्यक्रम अन्तरगत निम्नानुसारको अनुदान उपलव्ध गराएकोमा विध्यालयले प्राप्त गरेको अनुदान रकमको उपयोग तथा लेखापरीक्षण प्रतिवेदन र कार्यालयवाट भएको अनुगमन प्रतिवेदन हालसम्म पेश भएको देखिएन। अनुदान रकम र लेखापरीक्षण प्रतिवेदन संलग्न नहुंदा तोकिएको शिर्षकमा खर्च भयो भएन | १,३००,००० |

| | | | | |
|---|---|---|---|---|
| | | | यकिन गर्न सकिएन।तसर्थ अनुदान रकमको आयोजना सम्पन्न भएपछि योजनाको फोटो आयव्ययको अनुमोदन सहितको निर्णय तथा अनुगमन प्रतिवेदन र लेखापरीक्षण प्रतिवेदन पेश हुनु पर्ने रु<br><table><tr><td>भौन ।मिती</td><td>विध्यालयको नाम</td><td>अनुदान रकम</td></tr><tr><td>२९५।२०७८।३।२६</td><td>ज्ञवावलेटक्सार मा वि</td><td>६५००००</td></tr><tr><td>३०९।२०७८।३।२९</td><td>जनवोध मावि</td><td>६५००००</td></tr><tr><td></td><td>जम्मा</td><td>१३०००००</td></tr></table> | |
| ३२.३ | 175 | २०७८-२-२५ | कार्यालयले विध्यालय संचालन तथा व्यवस्थापन अनुदान शिर्षकमा ४० वटा विध्यालयको खातामा रु १८७९०००। निकाशा अनुदान दिएको छ । विद्यालयको आ.ब २०७७।७८ को लेखापरीक्षण प्रतिवेदन पेश हुनुपर्ने देखिएको रु. | १,८७९,००० |
| ३२.४ | 261 | २०७८-३-२३ | **खर्चको प्रमाण** आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को ३९( ५) अनुसार खर्चभएको रकमको विल भर्पाइ सहित लेखा राख्नुपर्ने व्यवस्था रहेको छ।पालिकाले ल्याव संचालन अनुदान वापत जनवोध मावि र जनज्योति माविलाइ रु २ लाखका दर्ले रु ४०००००।उपलव्ध गराएकोमा विध्यालयको खातामा जम्मा भएको छ तर उक्त रकम के कति खर्च भयो सोको लेखापरीक्षण प्रतिवेदन पेश गर्नुपर्ने देखिएको रु | ४००,००० |
| ३३ | | | **स्वास्थ्य कार्यक्रम** | |
| ३३.१ | | | **भाडा सम्झौता** गाडि प्रयोग गर्दा सम्झौता गरिएको हुनु पर्दछ।औषधी ढुवानी लगायतका अन्यकार्यका लागी गाडि प्रयोग गरी कार्यालयवाट ढुवानी भाडा वापत रु १८०९००।खर्च लेखेकोमा सम्झौता वेगर भर्पाइको आधारमा खर्च लेखि भुक्तानी गरेको देखिएकोले यसरी भर्पाइको आधारमा मात्र रकम भुक्तानी गर्न मिल्ने नदेखिएको रु. | १८०,९०० |

| भौन।मिती | प्रयोजन | भुक्तानी रकम |
|---|---|---|
| २१८।२०७८।३।१५ | औषधी पुर्याउन | ४९००० |
| २३४।२०७८।३।१८ | यातायात खर्च | ४३००० |
| २४५।२०७८।३।२० | औषधि पुर्याउन | ५४५०० |
| ३११।२०७८।३।२९ | औषधि तथा अन्यउपकरण पुर्याउन | ३४४०० |
| | जम्मा | १८०९०० |

| | | | | |
|---|---|---|---|---|
| ३३.२ | 219 | २०७८-३-१५ | न्यानो झोला खरिद २१९।२०७८।३।१५ आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ ( ५ ) वमोजिम खर्च लेख्दा खर्चको विल भर्पाइ सहित लेखा राख्नुपर्ने व्यवस्था छ।मातृतथा नवजात शिशुकार्यक्रम अन्तरगत पालिकाले वर्थिङ्ग सेन्टरलाइ सुत्केरी आमा तथा वच्चाहरुलाइ वितरण गर्नका लागी १५० सेट न्यानो झोलाखरिद गरेकोमा कुनकुन वर्थिङ्ग सेन्टरमा कति पठाएको हो हस्तान्तरण फाराम भरी पठाएको देखिएन। खरिद गरीएको प्रति न्यानो झोला मुअकर समेत रु ८९४।९६प्रतिगोटाका दरले हुनेरु १३४२४४। को वितरण गरेको भर्पाइ पेश हुनुपर्ने देखिएको रु | १३४,२४४ |
| ३३.३ | | | कार्यालयवाट विभिन्न स्वास्थ्य केन्द्र स्वास्थ्य चौकिहरुको प्रशासनिक कार्यसंचालन तथा सामग्रीहरुको खरिदको विल पेश गरेको आधारमा कर्मचारीलाइ नै सोधभर्ना गर्ने गरेको देखियो।विक्रेताले वुझेको भर्पाइ पेश नगरी कर्मचारीले नै वुझ्ने गरेको देखिएकोले सामान सप्लाइ गर्ने विक्रेताकै नाममा भुक्तानी जारी गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ। | |
| ३४ | | | **कृषि कार्यक्रम** | |
| ३४.१ | 272 | २०७८-३-२४ | लागत सहभागितामा आधारित सुन्तलाजात फलफुलको सानाव्यावसायिक कृषि उत्पादन केन्द्र पकेट विकास कार्यक्रम अन्तरगत रानीवास फलफुल तथा तरकारि वाली समुह रुरु ४ संग मिती २०७७।१२।४ मा सम्झौता भइ कार्यालयले रु | |

| | | | | |
|---|---|---|---|---|
| | | | १०२५०३०।अनुदान उपलब्ध गराएकोमा १९ जना कृषकहरुलाइ सुन्तला विरुवा तथा हिल टैंक खरिद गरी वितरण गरेकोमा निम्न व्यहोरा देखिएका छन। | |
| ३४.२ | | | हिलटैंक वितरण गर्दा एउटै कृषकलाइ वढीमा ४ वटा सम्म र कममा १ वटा वितरण गरेको त्यस्तै गरी सुन्तला विरुवा वितरण गर्दा एउटै कृषकलाइ वढीमा ५५० विरुवा र कममा ५० वटा विरुवा वितरण गरेको देखियो। आवश्यकताको पहिचान नै नगरी कृषकहरुले विरुवा लगाउने जग्गाको क्षेत्रफल यकिन नगरी वितरण गरेको देखीएको र अनुदान पाउने कृषकहरु समुहमा आवद्ध रहेनरहेको विश्वस्त हुने आधार रहेन।यसरी वितरित अनुदान रकमको सहि उपयोग भएको छ भन्ने अवस्था रहेन। | |
| ३४.३ | 316 | २०७८-३-३० | लागत सहभागितामा आधारित पालिकाको वडा न ४ अन्तरगत श्रृङ्गेश्वर फलफुल तथा तरकारी कृषक समुहलाइ पालिकाले रु ९७९७५६ अनुदान उपलव्ध गराएकोमा तरकारी उत्पादनका लागी खरिद गरिएका पोलिटैंक गार्डन पाइप तथा सुन्तला विरुवाहरु खरिद गरेकोमा १२ थान पोलिटैंक तथा गार्डन पाइपको मुल्य रु १७१९९९।को वितरण गरेको भर्पाइ पेश गरेको छैन।खरिद गरिएका सुन्तला विरुवा तथा औषधि तथा विषादिहरु के कति प्रयोगमा आए नआएको अभिलेख राखेको देखिएन।उक्त अनुदान वापत भएको खर्चविवरणको सार्वजनिक सुनुवाइ तथा कार्यालय वाट निरीक्षण तथा अनुगमन प्रतिवेदन समेत पेश भएको देखिएन।यसरी खरिद सामग्रि वितरण भएनभएको समुहमा आवद्धकृषकहरु हुन होइनन कृषकको जग्गामा विरुवा लगाउने क्षेत्रफल भए नभएको आदि खुल्ने विवरण पेश हुन नआएको एवं आवश्यकताको पहिचान नै नगरी उपलव्ध गराइएको अनुदान रकमको सहि सदुपयोग भएको छ भन्ने अवस्था रहेन। | |
| ३५ | | | **प्राकृतिक श्रोत विक्रि**<br>प्राकृतिक श्रोत साधन विक्रि सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन् | |
| ३५.१ | | | **प्राकृतिक श्रोत उत्खनन कार्ययोजना** – लुम्बिनी प्रदेश नदिजन्य पदार्थ व्यवस्थापन कार्यविधि, २०७५ को दफा ४ अनुसार प्रत्येक स्थानीय तहले उत्खनन र सङ्कलन गर्न हुने र नहुने क्षेत्र, नदीजन्य पदार्थ उपलब्ध हुने नदी, खोला, खोल्सी, खहरे तथा नदी उकासक्षेत्रको विवरण र उपलब्ध हुनसक्ने अनुमानित वार्षिक परिमाण, पूर्वाधार निर्माणको लागि चाहिने परिमाण र स्रोतको उपलब्धता, भण्डारण वा घाटगद्दी स्थल, बिक्री वितरणको प्रक्रिया, सङ्कलनको विधी र प्रयोग हुने मेशिनरी औजार, प्राप्त हुने अनुमानित आम्दानी लगायतका बिषयहरु समावेश गरी नदीजन्य पदार्थ उत्खनन, सङ्कलन घाटगद्दी र बिक्री वितरण सम्बन्धी कार्ययोजना बनाउनु पर्ने उल्लेख छ । कार्यालयले यसबर्ष नदिजन्य पदार्थ उत्खनन गरी रु. ७८०३३११।– आय प्राप्त | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | गरेकोमा ऐनले निर्धारण गरे बमोजिमको कार्ययोजना तयार गरेको पाइएन । समयमा नै कार्ययोजना तयार गरी वातावरणीय अध्ययन प्रतिवेदन अनुसारको परिमाणमा नदिजन्य पदार्थको उत्खनन, घाटगद्दि र निकासी गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । | | |
| ३५.२ | | | **मू अ कर शिर्षक** - मूल्य अभबृद्धि कर ऐन, २०५२ को दफा १५ को उपदफा ३ अनुसार मूल्य अभिबद्धि कर लाग्ने बस्तु विक्रिमा मूल्य अभिबृद्धि कर लागाउनु पर्ने व्यवस्था रहेको छ । ऐन अनुसार विज्ञापन करको आय र नदीजन्य पदार्थ ( ढुङ्गा गिट्टि वालुवा आदी ) उत्खनन संकलन तथा विक्रि वितरण गर्ने कार्यको ठेक्का बन्दोवस्त गर्दा कार्यालय र सेवा प्रदायक संस्थाहरु संग भएको सम्झौतामा सेवा प्रदायकले बुझाउनुपर्ने मूल्य अभिबृद्धि कर तथा नेपाल सरकार वा स्थानीय तहलाई प्रचलित एन अनुसार बुझाउनु पर्ने अन्य कर दस्तुर सवै सेवा प्रदायकले कार्यालय र सम्बन्धित राजश्व कार्यालयमा बुझाउनु पर्ने व्यवस्था गरेको छ ।आय ठेक्का स्वीकार गर्ने निर्माण व्यवसायीबाट असूल गरी कार्यालयले स्थानीय तहकै नामवाट सम्बन्धित आन्तरीक राजश्व कार्यालयमा दाखिला गर्नुपर्नेमा राष्ट्रिय गौरवको आयोजना कालीगण्डगी करिडोरको लागि शर्मा सगुन जेभिले रुद्रवेणी रामघाट क्षेत्र र रुद्रवेणी बगर उपल्लो खण्डवाट १९१०० घमी नदीजन्य पदार्थ उत्खनन तथा विक्रि वापत रु ४३८४९६।र रुरु २ रुद्रबेणी स्थित रुरु रुन्खा कन्स्ट्रक्सन एण्ड सप्लायसर्सले २०७६।७७ मा संकलन गरेको ढुङ्गा गिट्टीको कार्यालयले स्टक प्रमाणित गरी प्राप्त गरेको मू अ कर रु २५६८९। समेत रु ४६४१८५। निर्माण व्यवसायीको आफ्नै नामवाट दाखिला गरेको पाईयो । मू अ कर पालिकाको नाममा दायित्व हुने र बेदर्तावालबाट गर्ने संकलन गरी दाखिला गर्ने राजश्व शिर्षक नं ३३३१७ मा दाखिला गर्नुपर्नेमा व्यवसायीले आफ्नै नाम र मू अकर नं उल्लेख गरी राजश्व शिर्षक नं ३३३१४ मा दाखिला गरेकोले व्यवसायीहरुलाई अनुचित लाभ हुने गएको देखियो । व्यवसायिले दाखिला गरेको मू अ कर पालिकाको नामबाट भएको देखिने राजश्व शिर्षक नं ३३३१७ मा समायोजन गरेको प्रमाण पेश हुनुपर्ने रु | ४६४,१८५ |
| ३५.३ | | | **परिमाण नियन्त्रण** – प्राकृतिक स्रोतको आय ठेक्काको हकमा ठेक्का अवधिमा दोहन गर्न पाइने परिमाणगत हदको नियन्त्रण विधि अपनाउनु पर्ने, उत्खनन् भएको परिमाण र सो वापतको कर रकम खुल्ने विवरण स्थानीय तहले राख्ने राख्नु पर्नेमा नराखेको हुँदा बर्षभरिमा उठाएको ढुङ्गा, गिट्टी, बालुवाको जम्मा परिमाण र सो वापत असुल गरेको कर रकम एकिन हुन सकेन । यसबाट सम्झौतामा तोकिएको क्षेत्रबाट शुल्क उठाएको सम्बन्धमा विश्वस्त हुन सकिएन । यस प्रकारको अनियन्त्रित कृयाकलापले प्राकृतिक श्रोत साधनको दोहन हुने तर ती श्रोत साधनको दोहनबाट स्थानीय निकायले प्राप्त गर्न सक्ने यथार्थ आम्दानी प्राप्त गर्न सक्दैन । ढुङ्गा, गिट्टी, बालुवा, ग्राभेल संकलन गरी तोकिएको स्थानमा मात्र घाटगद्दी गर्ने र सम्बन्धित | | |

| | | | | |
|---|---|---|---|---|
| | | | निकायले नापजाँच नगरी ती बस्तुहरु लैजान नपाउने ब्यबस्था गर्नुपर्ने देखियो । ठेक्का लगाउँदा वा अमानतवाट निश्चित परिमाण र क्षेत्र तोकी सोको कडा अनुगमन गर्न आन्तरिक नियन्त्रण प्रणाली स्थापित गर्नुपर्ने देखियो । | |
| ३६ | | | प्राकृतिक श्रोत साधन विक्रिबाट प्राप्त आय सम्बन्धमा देखिएका थप व्यहोराहरु निम्नानुसार छन् | |
| ३६.१ | | | मू अ कर दाखिला मूल्य अभबृद्धि कर ऐन, २०५२ को दफा १५ को उपदफा ३ अनुसार मूल्य अभिबद्धि कर लाग्ने बस्तु विक्रिमा मूल्य अभिबृद्धि कर लागाउनु पर्ने व्यवस्था रहेको छ । यसवर्ष यसवर्ष प्राकृतिक श्रोत साधन उत्खनन तथा बिक्रिको लागि ठेक्का सूचनानै नभएको तथा कार्यालयले अमानत मार्फत ढुङ्गा गिट्टि र वालुवा बिक्रिबाट आय प्राप्त गरेको देखियो । कार्यालयले दिएको नगदी रसिदको जोड जम्मा विवरण अनुसार रिडी खण्डवाट रु ६०६९०५०। रुद्रवेणीबाट रु ६८८४००। र बगाउने घाटवाट रु ४२१७५०। समेत रु ७१७९२००। (मू अ कर समेत) असूल गरेकोमा मू अ कर रकम रु ८२५९२५। संघिय संचित कोष दाखिला गर्नुपर्नेमा नगरी स्थानीय तहको संचित कोषमा जम्मा गरेको देखिएकोले राजश्व शिर्षक नं ३३३१७ मा दाखिला गरेको प्रमाण पेश हुनुपर्ने रु | ८२५,९२५ |
| ३६.२ | | | **कवाडी कर** – रुरु गाउँपालिका क्षेत्रभित्र आ व २०७७।७८ मा कवाडी संकलन तथा निकासीको लागि ईजाजत माग गरी ओम स्काप एण्ड ग्लोवल स्टोर्सले मिति २०७७।११।२६ मा गाउँपालिकामा निवेदन दिएको सोही दिन ईजाजत दिई सन्तविर नेपालीसंग कवाडी संकलन तथा निकासीको लागि मू अ कर समेत रु ९०४००। रुपैयाँमा सम्झौता गरेको छ । व्यवसायीले सम्झौता गरेको दिन रु ४६०००। दाखिला गरेकोमा बाकी रकम रु ४४४००। सम्बन्धितवाट असूल हुन बाँकी रहेको छ । कवोलकर्ताले २०७८ असार मसान्तसम्म दाखिला गर्नुपर्ने रकम दाखिला नगरेकोले सम्बन्धित वाट असूल हुनुपर्ने रु<br><br>क) पहिलो किस्तावाट बुझाएको रकममा मू अ कर रु ५२९२। समेत समावेश भएकोले संघिय संचित कोषमा दाखिला गर्नुपर्ने मू अ कर कार्यालयमै मौज्दात रहेको छ । किस्ता रकममा असूल भएको मूअकर कर संघिय संचित कोषमा दाखिला गर्नुपर्ने रु | ४९,६९२ |
| ३६.३ | | | **काठ दाउरा विक्रि** - मूल्य अभबृद्धि कर ऐन, २०५२ को दफा १५ को उपदफा ३ अनुसार मूल्य अभिबद्धि कर लाग्ने बस्तु विक्रिमा मूल्य अभिबृद्धि कर लागाउनु पर्ने व्यवस्था रहेको छ । यसवर्ष यसवर्ष रिडीघाटमा काठ दाउरा विक्रि वितरण गर्न विष्णु श्रेष्ठले ठेक्का प्राप्त गरी मू अ कर समेत रु ९५१०००। कार्यालयमा दाखिला गरेकोमा काठ दाउरा बिक्रिवाट असूल भएको मू | १०७,९७४ |

| | | | | |
|---|---|---|---|---|
| | | | अ कर रु १०७९७४। राजश्व दाखिला गर्नुपर्नेमा कार्यालयमै मौज्दात राखेकोले राजश्व शिर्षक नं ३३३१७ मा दाखिला गर्नुपर्ने रु | |
| ३७ | | | **नगदी रसिद** | |
| ३७.१ | | | नगदि रसिद नियन्त्रण खाता परीक्षण गर्दा गत वर्षमा के कति प्रयोग भयो के कति वांकी रहेको छ कुनकुन वडालाइ के कति वुझाइएको छ सो को अभिलेख अध्यावधिक गरी राखेको देखिएन।रसिद नियन्त्रण खाता प्रमाणित गरी राख्ने गरेको देखिएन। वडागत पठाइएको विवरण र वर्षभर वडाकार्यालयवाट प्रयोग गरेको र वांकीको विवरण उपलव्ध हुन नसकेकाले यकिन गर्न सक्ने अवस्था रहेन ।यस सम्वन्धमा कार्यालयको ध्यान जान जरुरी छ। | |
| ३७.२ | | | दहत्तर वहत्तर शुल्क वापत उठाइएको नगदी रसीद नमुना छनौट को आधारमा परीक्षण गर्दा निम्न व्यहोरा देखिएका छन। रसिद न १८७४७ वाट रु ५०० रसिद न१८८४८ वाट रु १८५०।रसिद न १८४४९ वाट रु १८५०।रसिद न १८४५० वाट रु १२५०।समेत जम्मा रु ५४५०। दाखिला गर्न छुट देखिएकोमा छलफलको क्रममा कार्यालयले ४९५०। बाकी रहेको राजश्वको जोडजम्मा ठेली पेश गरेकोले रु.४९५०। असुल हुनुपर्ने रु | ४,९५० |
| ३७.३ | | | रसिद नं २४९५७ देखि २५२०० सम्म रसिद प्रयोग गरेको देखिन्छ सो को दैनिक रजिष्टरमा पोष्टिङ गरेको नदेखिएकोमा नगदि रसिद कै जोडको आधारमा जम्मा गरिने भएकोले दैनिक रजिष्टरमा छुट भएकोले कार्यालयले नै यकिन गरी दाखिला गर्न लगाउनु पर्दछ। रसिद नियन्त्रण खाता नगदि रसिद र दैनिक टिपोटको विवरण अध्यावधिक नराखेकोले राजस्व रकम यकिन गर्न सकिएन। | |
| ३८ | | | **सञ्चार सुविधा**<br>**सञ्चार सुविधा** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले आफ्नो कार्यालयबाट सम्पादन गर्ने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र कार्यदक्षतापूर्ण ढंगबाट सम्पादन गर्नुपर्ने उल्लेख छ। कार्यालयले विभिन्न कर्मचारीहरुको लागि बार्षिक मोबाइल रिचार्जमा रु.११९७००। खर्च लेखेको छ। कर्मचारीहरुको लागि सञ्चार सुविधा सम्बन्धी व्यवस्था नभएकोले आन्तरिक नियन्त्रण प्रणालीलाइ मजबुद बनाई सञ्चार खर्चमा मितव्ययिता अपनाउने तर्फ कार्यालयको ध्यान जानुपर्दछ। | |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| ३९ | | | **दोहोरो भ्रमण भत्ता खर्च**<br>भ्रमण खर्च नियमावली, २०६४ बमोजिम भ्रमणमा खटिने पदाधिकारी तथा कर्मचारीलाइ भ्रमण खर्च भुक्तानी गर्दा दोहोरो नपर्ने गरी भुक्तानी गर्नुपर्दछ । गाउँपालिकाको बातावरण अध्ययन सम्बन्धी प्राविधिक समितिको बैठकमा भाग लिन आउनु भएका उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालयका वातावरण निरीक्षक निर्मल चौधरीलाई मन्त्रालयको भ्रमण आदेश नं.७५-२०७७।६।२ बमोजिम गो.भौ.६०-२०७७।८।१२ बाट मिति २०७७।७।२ देखी ७।९ सम्मको रु.६८००। भुक्तानी गरेको अवस्थामा सोही भ्रमण आदेश र मितिको भ्रमण विलको आधारमा गो.भौ.नं.१०१-२०७७।९।१५ समेत रु.६८००। खर्च लेखेकोले दोहोरो भुक्तानी भएको रकम असुल हुनुपर्ने रु. | ६,८०० |
| ४० | | | **प्रदेश चालु तथा पूजिगत खर्च** | |
| ४०.१ | 10 | २०७८-३-३० | अपाङ्गता सहायता सामाग्री खरिद तथा वितरण कार्यक्रम अन्तर्गत कार्यालयले ड्रिम्स सर्जिकल हाउसबाट Blind stick सहित १३ अपाङ्गता सहायता सामाग्री रु.३९५३९१। मा खरिद गरेकोमा सो सामाग्री वडा कार्यालयलाइ हस्तान्तरण गरेको छ। अपाङ्गता भएका व्यक्तीहरुलाइ वितरण गर्नुपर्ने सामाग्री वडा कार्यालयहरुमा पठाएकोमा वितरण नभएकोले वितरण गरी सोको भर्पाइ पेश हुनुपर्ने रु. | ३९५,३९१ |
| ४०.२ | 6 | २०७७-१२-९ | कार्यालयले पशुपंक्षी विकास कार्यक्रम सञ्चालन गर्नुपुर्व कृषकहरुबाट माग संकलन गरी प्रस्तावित मागको आधारमा कार्यक्रम सञ्चालन गर्नुपर्दछ। कार्यालयले कृषकबाट माग संकलन नगरी लोलङ्खोलाका १६ बाख्रापालन कृषकहरुलाई प्रति पाठी रु.६०००। को दरले ३२ पाठी खरिद बापत रु.१९२०००। खर्च र गो.भौ.नं.१२-२०७८।३।२३ बाट गन्धर्व बाख्रा पालन समूहका १७ बाख्रा पालन कृषकलाई २४ पाठी खरिद बापत रु.२०४००० समेत रु.३९६०००। खर्च लेखेको छ। बाख्रापालन फर्मबाट उन्नत जातको प्रजनन योग्य बाख्रा खरिद गरी वितरण गर्नुपर्नेमा बाख्रा खरिदको लागि कृषकलाइ नै जिम्मा दिएको छ। कृषक स्वयमले खरिद गरेका बाख्राहरु स्वास्थ्य र प्रजननयोग्य छन् भनी आश्वस्त हुन सकिएन। उक्त समुहको सदस्य धनसरी नेपालीलाइ निजको मोबाइल नं.९८४४७२०१४१ मा सम्पर्क गरी बुझ्दा कृषक समुहले छनौट गरेका अगुवाबाट ३२ पाठी खरिद गरेको र निजले पालेको पाठी रोगी र प्रजननयोग्य नभएकोले उक्त पाठी बिक्री गरी अर्को खरिद गरेको भनाइ रहेको छ। कार्यालयले उक्त समुहलाई निश्चित अवधि सम्म बाख्रा वेचविखन गर्न नपाउने र विउ पूँजीको रुपमा अन्य कृषक समुहहरुमा साटफेर गर्ने गरी कबुलियतनामा गराउनुपर्नेमा सो समेत गरेको छैन। यसबाट अनुदानको सहि सदुपयोग हुनेमा विश्वस्त हुन सकिएन। खरिदको लागि कार्यालयबाट दररेट माग गरी खरिद गर्नुपर्नेमा सो समेत नगरी कृषक स्वयमबाट भएको खरिद उतित नदेखिएको रु. | ३९६,००० |

| | | | | |
|---|---|---|---|---|
| | | | | |
| ४०.३ | 12 | २०७८-३-२३ | | २०४,००० |
| ४०.४ | | | मागमा आधारित कृषि कार्यक्रम सञ्चालन गर्दा कार्यालयले टोल बस्तीबाट प्रस्ताव माग गरी वडा भेलाबाट स्वीकृत योजना र नामावली बमोजिम प्राथमिकताको आधारमा अनुदानमा दोहोरोपना नहुने गरी कृषिजन्य औजार वितरण गर्नुपर्दछ। कार्यालयले यस बर्ष फ्लोर मिल ५, कम्बाइन मिल १६, ह्याचरी १ तथा च्यापकटर १ खरिद बापत रु.४५८०००। अनुदान खर्च गरेको छ। वडा कार्यालयबाट सिफारिस भै आएको नामावलीबाट योग्यताक्रमको आधारमा आर्थिक विकास समितिले सुचि तयार गरी अनुदान वितरण गर्नुपर्नेमा वडाबाट माग भएका कृषकहरुको नामावली सम्बन्धमा समितिमा छलफल भएको छैन। वडाबाट सिफारिस भै आएका व्यक्तिहरु मध्येबाट प्राथमिकताको आधारमा अनुदान सामाग्री वितरण भएको छ भनी विश्वस्त हुन सकिएन। अनुदान वितरण गर्दा समितिमा छलफल गरी प्राथमिकताको आधारमा वितरण गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ। | |
| ४१ | | | **तालिम कार्यक्रम**<br>23-2078/3/26 मुख्यमन्त्री ग्रामिण विकास तथा रोजगार कार्यक्रम अन्तर्गत कार्यालयले नेशनल मानव विकास ट्रेनिङ इन्स्टिच्यूट प्रा.ली संग मिति २०७७।१२।१६ मा विल्डिङ इलेक्ट्रिसिन तर्फ १२ जना र पलम्बिङ तर्फ १८ जना प्रशिक्षार्थीहरुलाइ ५० दिन तालिम सञ्चालन गर्ने गरी रु.९९३९१०। मा सम्झौता भएको छ। यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन् | |
| ४१.१ | | | मिति २०७८।१।१ बाट सुरु भएको तालिम कार्यक्रम कोभिडको कारण सञ्चालन गर्न नसक्ने भनी उक्त संस्थाले २०७८।१।२४ सम्म २० दिन कार्यक्रम सञ्चालन गरी स्थगित गरेकोमा कोभिड सामान्य भए पश्चात सो कार्यक्रमलाइ निरन्तरता दिएको छैन। | |
| ४१.२ | | | कार्यक्रमको भुक्तानी गर्दा कार्यक्रम शुरु, मध्य र अन्तिम चरणका तस्विर, सहभागिहरुको हाजिरी विवरण, कार्यक्रमको प्रगति, कार्यपत्र, खर्चको विवरण, सार्वजनिक लेखापरीक्षण, प्रशिक्षकको बायोडाटा लगायतका विवरण संलग्न गरी भुक्तानी गर्ने गरी सम्झौता गरेकोमा सो बेगर संस्थाको मागको आधारमा रु.३०७१६२। भुक्तानी भएको उचित नदेखिएको रु. | ३०७,१६२ |
| ४२ | | | **पदाधिकारी सेवा सुविधा** | |

| | | | | |
|---|---|---|---|---|
| ४२.१ | | | आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम १ मा बजेटको सीमाभित्र रही खर्च गर्नुपर्ने व्यवस्था रहेको र उपनियम ५ मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने र विल, भरपाई, प्रमाण र कागजात संलग्न गर्न नसकिने काममा भएको फुटकर खर्चको हकमा खर्च गर्ने अधिकारीले प्रमाणित गरी अधिकार प्राप्त अधिकारीद्वारा स्वीकृत गराई लेखा राख्नुपर्ने व्यवस्था छ । सोही उपनियम ५ को स्पष्टिकरणमा फुटकर खर्च भन्नाले एक पटकमा २ हजार रुपैंया सम्म र सो भन्दा कमको यातायात खर्च, ढुवानी खर्च र त्यस्तै विल भरपाइ पेश हुन नसक्ने स-साना काममा भएको फुटकर खर्च भन्ने उल्लेख छ । लुम्बिनी प्रदेशको प्रदेश सभाले बनाएको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन-२०७६ को दफा ३,४,५,६,७,८ र ९ संग सम्बन्धित अनुसुची अनुसार स्थानीय तहका पदाधिकारीहरुलाई टेलिफोन तथा मोवाइल, पुस्तक पत्रपत्रिका तथा इन्टरनेट, जनसम्पर्क तथा विशेष कार्यसुविधा मर्मत सुविधा अतिथि सत्कार र खानेपानी विद्युत तथा सरसफाई खर्च दिने व्यवस्था गरेको व्यवस्था अनुसार कार्यालयले स्थानीय तहका पदाधिकारीहरुलाई यो वर्ष यातायात सुविधा रु.१६,९२,०००।-, टेलिफोन तथा मोवाइल रु.९,८४,०००। पुस्तक तथा पत्रपत्रिका इन्टरनेट रु.९,००,०००।-, समन्वय तथा सहजीकरणमा रु.१५,६०,०००।- अतिथि सत्कारमा रु.४,२०,०००।- खानेपानी विजुली सरसफाईमा रु.१,२०,०००।- , मर्मत सम्भार विद्युत उर्जा शिर्षकमा रु.१,२०,०००। र चाडवाड खर्च रु.२,७१,०००। समेत रु.६०,६७,०००।- खर्च भुक्तानी गरेको देखियो । कार्यालयले उल्लिखित अनुसारको भुक्तानी गर्दा विल भरपाई नराखी एकमुष्ठ मासिक रुपमा भुक्तानी दिने गरेकोले उद्देश्य अनुरुप निर्धारित कार्यमा उपयोग भए नभएको यकिन एवं विश्वस्त हुने अवस्था रहेन। अत उद्देश्य अनुरुप खर्च भएको विश्वस्त हुन सक्ने खर्चको प्रमाण पेश गरिनु पर्दछ । | |
| ४२.२ | | | कार्यालयले यस बर्ष गाउँपालिका चालुबाट इन्धन खर्च बापत शुभ रेसुङ्गा ट्रेडिङ्ग प्रा.ली.लाई रु.४,१६,५१५। भुक्तानी गरेको छ । इन्धन भुक्तानी विल परिक्षण गर्दा कार्यालयले बर्ष भरिमा २९३६ लिटर डिजेल र १०५५ लिटर पेट्रोल खपत गरेको देखिन्छ। कार्यालयले इन्धन खर्च लेख्दा सवारी लगबुक र खरिद कुपनको आधारमा खर्च लेख्नुपर्नेमा सवारी लगवुक र कुपन बेगर इन्धन खर्च गरेको छ। कार्यालयमा भएका सवारी साधनको मासिक इन्धन खपत विवरण माग भएकोमा सोको विवरण पेश भएन। आन्तरिक नियन्त्रण प्रणालीलाई मजबुद बनाई प्रदेश सरकारले तोकेको परिमाणमा इन्धन खर्च लेख्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ। | |
| ४२.३ | 225 | २०७७-१२-२९ | अनुगमन भत्ता भ्रमण खर्च नियमावली, २०६४ बमोजिम २० कि.मि. भित्र र एकै दिन फर्किन सकिने स्थानमा भ्रमण जादाँ २५ प्रतिशत खाजा खर्च दिने व्यवस्था छ। साथै प्रदेश सरकारद्वारा जारी सार्वजनिक खर्चको मापदण्ड कार्यविधि र मितव्ययिता | २०१,००० |

| | | | | |
|---|---|---|---|---|
| | | | सम्बन्धी निर्देशिका, २०७५ बमोजिम अनुगमन भत्ता खर्च लेख्न मिल्ने देखिदैन। कार्यालयले विभिन्न योजनाहरुको अनुगमन गरेको भनी योजना संख्याको आधारमा भुक्तानी गरेको छ। योजना अनुगमन गर्दा अनुगमन गरिएका योजनाहरुको बस्तुस्थीती, कमि कमजोरी, सुधारको लागि दिएका निर्देशनहरु समेत देखिने गरी प्रतिवेदन तयार गर्ने र सोको आधारमा अनुगमन भत्ता खर्च लेख्नुपर्नेमा सो बेगर अनुगमन गरेको योजना संख्या उल्लेख गरी ११ जनाको ७ दिन देखि २१ दिन सम्मको अनुगमन भत्ता रु.२०१०००। खर्च लेखेको नियमसम्मत नदेखिएको रु. | |
| ४२.४ | | | दोहोरो सुविधा :- कार्यालयले पदाधिकारीहरुलाई दोहोरो सुविधा हुने गरी खर्च लेख्नु हुदैन । नमुना छनौट गरी परीक्षण गर्दा पालिका प्रमुख र वडा नं.१ का वडाध्यक्ष रामलाल वि.कले सञ्चार सुविधा बापत मासिक सुविधा लिएको अवस्थामा अवस्थामा पुन मोबाइल रिचार्ज बापत पालिका प्रमुखले ३०००। र इन्टरनेट सुविधा बापत वडाध्यक्षले रु.३८७० समेत रु.६८७०। खर्च लेखेको पाइयो । सञ्चार सुविधा लिएको अवस्थामा पुन विभिन्न गोश्वारा भौचरबाट मोबाइल रिचार्ज बापत सञ्चार खर्च लेखेकोले दोहोरो रकम सम्बन्धमा कार्यालयले थप एकिन गरी असुल हुनुपर्ने रु. | ६,८७० |
| ४३ | | | **संगठन तथा कर्मचारी व्यवस्थापन** | |
| ४३.१ | | | कर्मचारी करार – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पदमा १८ कर्मचारीहरु करारमा राखी रु.४०,४५,७३०। खर्च लेखेको छ । त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेकको विभिन्न ४ पदमा ९ जना करार नियुक्ति गरी बर्षभरीमा रु.२३,९४,७३०।- भुक्तानी गरेकोले बढी व्ययभार परेको रु. | २,३९४,७३० |
| ४३.२ | | | **कर्मचारी कल्याणकोष** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाको दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ।यो बर्ष कार्यालयले राजश्व बाँडफाडबाट कर्मचारी कल्याणकोषमा | १,०००,००० |

| | | | | |
|---|---|---|---|---|
| | | | रु.१००००००। ट्रान्सफर गरेको छ। कोषको सञ्चालन र व्यवस्थापन गर्ने कानुनको व्यवस्था नगरी कोषमा रकम ट्रान्सफर गर्न मिल्ने नदेखिएको रु. | |
| ४३.३ | | | **कर्मचारी प्रोत्साहन भत्ता :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवा गठन, सञ्चालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघिय कानुन बमोजिम हुने, दफा ८६(२) बमोजिम स्थानीय सेवाको गठन, सञ्चालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ। पालिकाले यो बर्ष कानुन नबनाई ७ पदका २० जना मध्ये निम्न व्यक्तिलाई सुरु तलब स्केलमा रु.३९,२४४।थप ग्रेड सहित राजश्व बाँडफाँड शिर्षकबाट रु.१४,१९,८३२। भत्ता खर्च लेखेकोले बढी आर्थिक व्ययभार परेको रु. | १,४१९,८३२ |

| क्र.स | कर्मचारीको नाम | ग्रेड रकम |
|---|---|---|
| १ | प्र.प्र.अ चेतनाथ गिरी | १४४०० |
| २ | अ.छैठौ शालिकराम पौडेल | २४०० |
| ३ | अ.छैठौ निर्मल पोख्रेल | २४०० |
| ४ | अ.छैठौ मनिस पाण्डे | २४०० |
| ५ | सहायक पाँचौ राम प्र. ज्ञावली | ९४०० |
| ६ | सहायक पाँचौ हेम बहादुर कार्की | १८८० |
| ७ | सहायक पाँचौ रुद्धहरी पुरी | १८८० |
| ८ | सहायक पाँचौ मिना बस्याल | ९४० |
| ९ | कार्यालय सहयोगी कुलानन्द सापकोटा | ३५४४ |
| | जम्मा | ३९२४४ |

| | | | | |
|---|---|---|---|---|
| ४३.४ | | | **बैठक भत्ता** लुम्बिनी प्रदेश सार्वजनिक खर्चको मापदण्ड कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७७ को परिच्छेद २ बुदा नं १(क) अनुसार स्पष्ट विषयबस्तु र कार्ययोजना बेगर कार्यालय समयमा एकै निकायका कर्मचारी तथा पदाधिकारी मात्र बस्ने बैठकमा बैठक भत्ता उपलव्ध गराउन नमिल्ने उल्लेख छ। कार्यालयले विभिन्न ठेक्काको बोलपत्र मुल्याङकन र विषयगत शाखाको बैठक, योजनाहरुको अनुगमन, परिक्षा समितिको बैठक बापत रु.९९५२००। बैठक भत्ता भुक्तानी गरेको छ । बैठकको विषय बस्तु, सम्बन्धित क्षेत्रमा देखिएका कमि कमजोरी, सुधारको लागि दिएका निर्देशनहरु समेत देखिने गरी बैठकको निर्णय तयार गर्ने र सोको आधारमा खर्च लेख्नुपर्नेमा सम्बन्धित विषय समितिमा रहने सदस्य संख्या र सिलबन्दी कोटेशनहरुको बोलपत्र मुचुल्का खोलेको तथा मूल्याङ्कन गरेको भनी खरिद समितिले तोके भन्दा बढी उपस्थिति गराई भत्ता खर्च लेखेको छ । एक दिनमा १ बैठक भत्ता बापतको भुक्तानी लिनुपर्नेमा सो भन्दा बढी भत्ता खर्च लेखेको छ। प्रदेश निर्देशिका विपरित हुने गरी भएका यस प्रकारको बैठक तथा अनुगमन भत्ता खर्चमा नियन्त्रण हुनुपर्दछ। | |

| गो.भौ.नं. मिति | विवरण | रकम |
|---|---|---|
| ३२-२०७७।७। | विभिन्न बैठक बापत गाउँपालिका अध्यक्ष निलकण्ठ गौतम सहित २३ सम्मको | २१६१०० |
| १२५-२०७७। १०।१४ | लैङ्गिक हिसा विरुद्धको १६ दिने अभियानको अनुगमन बापत अध्यक्ष निलकण्ठ गौतम सहित १५ जना | २१६०० |
| १७-२०७७।१२। २६ | विभिन्न मितिको बोलपत्र मूल्याङ्कन बापत प्र.प्र.अ चेतनाथ गिरी सहित १८ जनाको १८२ पटक | १८१००० |
| ३६२-२०७८।३। ३० | बोलपत्र मूल्याङ्कन बापत सालिकराम पौडेल सहित २१ जनाको १६७ बैठक | १७२००० |
| ३६१-२०७८।३। ३० | अनुदानको मल वितरण बापत १३ जनाको २२ बैठक | २२००० |
| ३६३-२०७८।३। ३० | बोलपत्र मूल्याङ्कन बापत मिलन श्रेष्ठ सहित १९ जनाको २४२ पटकको | २४१५०० |
| २८७-२०७८।३। १९ | सेनेटरी प्याड वितरण बापतको भत्ता ११ जनाको १७ पटकको | १७००० |
| २१४-२०७७। १२।१६ | खरिद समिति र मूल्याङ्कन समितिको बैठक बापत १५ जनाको ६६ पटक | ६५५०० |
| १८०-२०७७। १२।२ | न्यायीक समितिको बैठक बापत १३ जना लाई ६२ पटकको | ५८५०० |
| | | ९९५२०० |

| | | | | |
|---|---|---|---|---|
| ४३.५ | | | संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं.१०७ मिति २०७७।४।८ को परिपत्र बमोजिम सुचना प्रविधी अधिकृतको आधारभुत पारिश्रमिक रु.३५९९०।र पोशाक भत्ता बापत बार्षिक निजामती कर्मचारीले पाए सरह पाउने उल्लेख छ। कार्यालयले परिपत्र बिपरित मंहगी भत्ता समेत थप गरी सुचना प्रविधि अधिकृत इश्वरी न्यौपानेलाइ मासिक रु.२०००। को दरले रु.२४०००। भुक्तानी गरेकोले असुल हुनुपर्ने रु. | २४,००० |
| ४४ | | | **प्रधानमन्त्री रोजगार कार्यक्रम**<br>कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७७ को बुँदा ७(२) मा प्रधानमन्त्री रोजगार कार्यक्रमको श्रोतवाट मात्र संचालन हुने आयोजनाको हकमा प्रति आयोजनाको लागत सिमा अधिकतम २५ लाख हुने व्यवस्था छ । त्यस्तै बुंदा ५(१) मा सूचिकृत बेरोजगारलाई एक सय दिनको रोजगारी उपलव्ध हुने व्यवस्था छ । यसवर्ष कार्यक्रममा रु १४०१६०००। बजेट उपलव्ध भएकोमा ७० योजना छनौट गरेर रु १३४५२०३२। खर्च गरी प्रति योजनामा सरदर २३३६००। खर्च गरेको छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार १०१४ जना बेरोजगार सूचिकृत गरेको मध्ये २७३ जनालाई सरदर ९५ दिनको रोजगारी उपलव्ध गराएको छ । कार्यालयले योजना छनौट गर्दा अधिकाँश साना योजना बनाई कार्यान्वयन गरेकोले खर्च भएको रकमवाट उपलव्धिमूलक काम भएको छैन भने बेरोजगारको सूचीमा रहेका सवैले रोजगारीको अवसर समेत प्राप्त गरेका छैनन् । साना योजना छनौट नगरी योजना तर्जुमा गर्दा नतिजा देखिने गरी योजना छनौट गर्ने र सूचिमा रहेका वेरोजगारले समान अवसर पाउने गरी कार्यक्रम कार्यान्वयन गरिनु पर्दछ । | |
| ४५ | | | **भाडा कर**<br>अर्थ मन्त्रालय कार्यसंचालन निर्देशिका, २०७७ अनुसार निर्देशिकाको राजश्व बर्गिकरण व्याख्यामा उल्लेख भए अनुसार बित्तिय संकेत नम्वर ११३१ सम्पत्ति बहाल तथा पट्टा वापतको आयमा लाग्ने कर संघीय सरकारको संचित कोषमा जम्मा हुनुपर्दछ । जस अनुसार सवारी साधन बाहल कर संघीय संचित कोषमा जम्मा गर्नुपर्ने देखिएकोमा कार्यालयले सवारी साधनको भाडा कर बापत गाउँपालिका कोष पूँजीगत, स्थानीय पूर्वाधार साझेदारी, गाउँपालिका चालु लगायत शिर्षकमा २०७७।४।१ देखि २०७८।३।३० सम्म कट्टा गरेको रु.६,७२,३५७।- गाउँपालिकाको संचित कोषमा मौज्दात राखेको देखिएकोले संघिय संचित कोषमा जम्मा गर्नुपर्ने रु. | ६७२,३५७ |
| ४६ | | | **लागत साझेदारीमा भैंसी प्रवर्द्धन कार्यक्रम**<br>लागत साझेदारीमा भैंसी प्रवर्द्धन कार्यक्रमको लागि यसवर्ष रु. २१,७०,०००।– विनियोजन भएकोमा वडा नं ६ मा गठित शवशक्ति गाई भैंसीपालन समूहमा आवद्ध १० कृषकलाई भौ नं ९५-०७८।३।२५ वाट रु ७९५६००। र रानीवास दुग्ध तथा मासु उत्पादक कृषि समूहमा आवद्ध १० कृषकलाई भौ नं ११७-०७८।३।२९ बाट रु ७८१०००। समेत रु १५७६६००। अनुदान दिएको छ । समूहलाई अनुदान दिंदा प्रति भैसी ४० हजार वा खरिद विलको ४० प्रतिशत मध्ये जुन कम हुन्छ सोही बरावर अनुदान दिने गरी समूहसंग सम्झौता गरेको छ ।समूहमा आवद्ध कृषकहरु स्वयंले आदर्श कृषि नर्सरी तथा पशुपालन | १,५७६,६०० |

| | | | | |
|---|---|---|---|---|
| | | | फर्म, न्यौपाने कृषि तथा पशु फर्म, पल्ली व्यवसायीक फर्म, बोहाफाँट कृषि सहकारी संग भैंसी खरिद गरेको देखाई उक्त रकम खर्च लेखेको छ । के आर पुन उन्नत गाई फार्मका कृषक नारायण प्रसाद पौडेलले पल्ली व्यवसायीक फर्मवाट २ भैंसी खरिद गरि रु ११४०००। को विल पेश गरेकोमा ४० प्रतिशतले हुने रु ४५६००। मात्र अनुदान खर्च लेख्नु पर्नेमा ७८०००। अनुदान खर्च लेखेकोले सम्झौता भन्दा रु ३२४००। बढी अनुदान खर्च लेखेको असूल हुनुपर्दछ । साथै कृषक आफैले खरिद गरेको टुक्रे विलको आधारमा अनुदान खर्च लेखेको समेत उचित देखिंदैन । भैंसी व्यवस्थापनको लागि गोठ सुधार नगरेको, अनुदान दिएका भैसीको विमा नगराएको तथा स्वास्थ्य जाँच वेगर खरिद गरेको, अनुदान प्राप्त गर्ने कृषकलाई कवुलियत नगराएकोले बजेट सक्ने उद्वेश्यले आर्थिक वर्षाको अन्त्यमा खर्च गरेकोले कार्यक्रमको सान्दर्भिकता तथा यथार्थता सम्बन्धमा एकिन हुनुपर्ने रु. | |
| ४७ | | | **सुरक्षित नागरिक आवास**<br>सुरक्षित आवास कार्यान्वयन कार्यविधि २०७५, (संशोधन २०७७।१।८) को बुँदा ३ मा लक्षित वर्गको पहिचान गर्ने, बुँदा ४ मा लाभग्राही छनौटको आधार विधि र बुँदा ५ मा अनुदान सम्झौता र बित्तिय प्रवन्ध गर्नुपर्ने तथा बुंदा ६ मा झुठा विवरण पेश गरी अनुदान रकम लिएको पाईएमा वा जुन प्रयोजनको लागि अनुदान उपलव्ध गराइएको हो सोही प्रयोजनमा खर्च नगरी अन्य प्रयोजनमा खर्च गरेको पाइए वा किस्ता बमोजिमको गर्नुपर्ने कार्यप्रगति अनुदान उपलव्ध गराइएको मितिले ३ महिना भित्र नगरेमा लाभग्राहीवाट अनुदान रकम स्थानीय तहले असूल उपर गर्ने व्यवस्था छ । सुरक्षित नागरीक आवास समन्वय समितिले लाभग्राही छनौट र सिफारिश गरेको नामावलीको आधारमा कार्यालयले जस्तापाता काठ उपलव्ध गराउन ४० जना लाभग्राहीहरुको खातामा जनही रु. ३०,०००।- का दरले भौ.नं. १२१-२०७८।३।३० बाट रु.१२०००००। खर्च लेखेको देखियो । दिएको रकमवाट भए गरेको कामको प्राविधिक मूल्याँकन पेश गरे पश्चात मात्र थप निकासा दिनुपर्दछ । | |
| ४८ | | | **फलफूल विउ वितरण**<br>कृषि विभागले निर्धारण गरेको मुल्य (दर) र श्रोत केन्द्रबाट फलफूल विरुवा खरिद गर्नुपर्दछ । गो.भौ.नं.३२,३३-२०७८।३।३० पचास प्रतिशत अनुदानमा फलफूल बेर्ना खरिद र वितरण कार्यक्रम अन्तर्गत कार्यालयले यस बर्ष ११०० बेर्ना सुन्तला रु.२५।, ७००० बेर्ना कागती रु.४४।-, १५३० बेर्ना लिची रु.७५।, ९०० बेर्ना आँप रु.८०। र २८० बेर्ना मौसम रु.२०। को दरले रु.४७७४००। मा खरिद गरी रु.२३८७००। भुक्तानी गरेको छ।कार्यालयले कृषकको माग, फलफूल लगाउने जमिनको क्षेत्रफल अनुसार खरिद गरी सोही अनुपातमा वितरण गर्नुपर्नेमा सो गरेको पाइएन ।बेर्ना वितरणमा समानुपातिक नभएको र कतिपय बेर्ना हस्ते भनी बुझाएकोले सम्बन्धित कृषकले पाए भनी आश्वस्त हुन सकिएन। कार्यालयले यस प्रकारको वितरणमुखी खर्चमा नियन्त्रण गर्नुपर्दछ । | |
| ४९ | 295 | २०७८-३-२२ | **स्मार्ट कृषि कार्यक्रम**<br>स्मार्ट कृषि कार्यक्रम बापत कार्यालयले स्मार्ट कृषि गाउँ बम्घा टाहाटिम आलु र तरकारी पकेट समुह रुरुक्षेत्र ५ लाइ कृषि संकलन केन्द्र र सिचाइ पोखरी टंकी निर्माण कार्यको लागि रु.१२,१८,८५४। लागत अनुमान गरी सोको ८० प्रतिशत कार्यालयले भुक्तानी गर्ने गरी सम्झौता गरेकोमा सो कार्य | ३६,९३३ |

| | | | | |
|---|---|---|---|---|
| | | | रु.११,५७,१६१। मा सम्पन्न भएकोले सोको ८० प्रतिशतले हुने रु.९,२५,७२९। मा कन्टिन्जेन्सी बापतको रकम रु.२५०००। समेत रु.९५०७२९। खर्च लेख्नुपर्नेमा रु.९८७६६२। खर्च लेखेकोले बढी खर्च लेखेको रकम रु.३६९३३। असुल हुनुपर्ने रु | |
| ५० | | | **शिक्षा कार्यक्रम** | |
| ५०.१ | | | **करार शिक्षक** - शिक्षा नियमावली,२०५९ को नियम ९७(४) बमोजिम विद्यालयले करार शिक्षक नियुक्त गर्दा जिल्ला शिक्षा समन्वय इकाइबाट दरबन्दी रिक्त रहेको व्यहोरा प्रमाणित गराएर मात्र नियुक्ती गर्नुपर्ने र यसरी नियुक्त गर्दा मा.वि तथा नि.मा.विमा विषय मिल्ने गरी नियुक्ति गर्नुपर्ने व्यवस्था छ।पालिकाले जिल्ला शिक्षा समन्वय इकाइबाट दरबन्दी रिक्त रहेको व्यहोरा प्रमाणीत नगरी विभिन्न ३१ विद्यालयका करार शिक्षकहरुलाई वित्तीय समानिकरण अनुदान रु.४०,२४,४८५। र राजश्व बाँडफाडबाट रु.५,९०,०००। समेत रु.४६,१४,४८५। तलब भत्ता खर्च लेखेको छ। शिक्षा विभागबाट प्रकाशित कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७/७८ को क्रियाकलाप नम्बर २.७.१३.१० र २.७.१३.११ बमोजिम विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान बापत स्थानीय निकायले विद्यालय सञ्चालनको अवस्था एकिन गरी कार्यक्रममा स्वीकृत रकम निकासा दिने व्यवस्था बमोजिम विभिन्न विद्यालयहरुलाई विभिन्न शिर्षकमा अनुदान दिएको अवस्थामा करार शिक्षक नियुक्त गरी खर्च लेखेको उचित देखिएन। शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि, 2076 अनुसार शिक्षक दरबन्दी अद्यावधिक गरी विद्यालयको कूल शिक्षक दरबन्दी र विद्यार्थी संख्या अनुपातको आधारमा आवश्यक पर्ने भए मात्र जिल्ला शिक्षा समन्वय इकाइबाट स्वीकृति लिएर प्रतिस्पर्धात्मक तवरले शैक्षिक गुणस्तर अभिबृद्धि हुने आश्वस्तता गरेर मात्र करार शिक्षक छनौट गर्नुपर्दछ। | |
| ५०.२ | | | पाठ्यपुस्तक अनुदान- शिक्षा तथा मानव श्रोत विकास केन्द्र सानोठिमी भक्तपुरबाट जारी कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७/७८ को क्रियाकलाप नं. २.४.६.१ बमोजिम सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागि नि:शुल्क पाठ्यपुस्तक अनुदान व्यवस्था गरेको छ। कार्यालयले नि:शुल्क पाठ्यपुस्तक बापत गाउँपालिका अन्तर्गतका सार्वजनिक विद्यालयहरुको लागि रु.२०,७९,४७२। निकासा गरेकोमा पुन अङ्ग्रेजी माध्यमबाट सञ्चालित विद्यालयहरुको लागि पाठ्यपुस्तक अनुदान भनी निम्नानुसारका विद्यालयहरुलाई निम्नानुसार रु.250000। भुक्तानी दिएको असुल हुनुपर्ने रु. | २५०,००० |

| क्र.स | विद्यालयको नाम | रकम | क्र.स | विद्यालयको नाम | रकम |
|---|---|---|---|---|---|
| 1 | श्री मा.वि रिडि | २२९२० | 21 | श्री सिन्दुर प्रा.वि | ७२० |
| 2 | श्री झवा बलेटक्सार मा.वि | १४६४० | 22 | श्री हरि स्मृति प्रा.वि | ३३६० |
| 3 | ग्यादी मा.वी | १५००० | 23 | जनजागरण प्रा.वि | १४४० |
| 4 | जनवोध मा.वि | १६८०० | 24 | जलुके बडहरे प्रा.वि | ७२० |
| 5 | जनज्योती मा.वि | १५३६० | 25 | जनप्रिय प्रा.वि | २४०० |
| 6 | राष्टिय मा.वि | १६२०० | 26 | याङ्‌द्ध प्रा.वि | ४३२० |
| 7 | भरेक नि.मा.वि | ५१६० | 27 | ज्ञानज्योति प्रा.वि | ४२०० |
| 8 | योगा च्युरेक नि.मा.वि | ७३२० | 28 | प्रतिभा प्रा.वि | ६९६० |
| 9 | भट्कुवा नि.मा.वि | ७४४० | 29 | श्री माधा प्रा.वि | ७२०० |
| 10 | जनसहयोग नि.मा.वि | ३७२० | 30 | पद्मा प्रा.वि | २०४० |
| 11 | बम्घा टाहाटिम नि.मा.वि | ८७६० | 31 | जनज्योती प्रा.वि | ६९६० |
| 12 | बम्घा नि.मा.वि | ५५२० | 32 | रुद्रवेणी प्रा.वि | ८२८० |
| 13 | श्री लक्ष्मी नि.मा.वि | १३७२० | 33 | श्री इश्वर कृपाभुमी प्रा.वि | ७३२० |
| 14 | श्री जनज्योती प्रा.वि भेट्टेक | १६८० | 34 | कालीगण्डकी प्रा.वि | ३२४० |
| 15 | श्री सुर्यज्योती प्रा.वि | १३२० | 35 | झमादी लामाखर्क प्रा.वि | ४३२० |
| 16 | श्री प्रेम विष्णुदेवि प्रा.वि | ४२०० | 36 | दोबाटा प्रा.वि | ३७२० |

| | | | | | |
|---|---|---|---|---|---|
| 17 | श्री अमरदिप प्रा.वि | ५१६० | 37 | दमार सौरीडाडा प्रा.वि | १०८० |
| 18 | कोन्द्रा कलौदी प्रा.वि | २८८० | 38 | जनजागृति प्रा.वि | १६८० |
| 19 | तल्लो ग्वादी प्रा.वि | ३९६० | 39 | जानकी प्रा.वि | ४५६० |
| 20 | श्री शारदा प्रा.वि | ३७२० | **जम्मा** | | २५०००० |

| | | | | |
|---|---|---|---|---|
| ५०.३ | | | **पाठ्यपुस्तक रकम निकासा** - नेपाल सरकार तथा पालिकाबाट विद्यालयहरुलाई वार्षिक कार्यक्रम अनुसार दिईने एकमुष्ट अनूदान तथा निकासा सम्बन्धमा मानव स्रोत विकास केन्द्र सानोठिमीबाट प्रकाशित कार्यक्रम कार्यान्वन पुस्तीकामा उल्लेख भए अनुसार दिनुपर्ने कानूनी व्यवस्था छ। कार्यालयले पेश गरेको विवरण अनुसार निम्न विद्यालयहरुको लागि पाठ्यपुस्तक निकासा गरेकोमा रु. बढी भुक्तानी गरेको असुल हुनुपर्ने रु | ३०७,५९० |

| क्र.स | विद्यालयको नाम | निकासा रकम | खर्च रकम | बढी भुक्तानी |
|---|---|---|---|---|
| १ | श्री रिडी मा.वि. | २६६६६५ | २३१८०८ | ३४८५८ |
| २ | श्री संस्कृत तथा सा.मा.वि. | ९१५१० | ८८३६० | ३१५० |
| ३ | श्री ग्वादी मा.वि. | १६२५७० | १५०२७२ | १२२९९ |
| ४ | श्री राष्ट्रिय मा.वि. | १६५८५१ | १४३३७८ | २२४७३ |
| ५ | श्री ज्ञवा ब.मा.वि. | २०६८०५ | १८७६८० | १९१२६ |
| ६ | श्री जनबोध मा.वि | २५७६६८ | २२२७११ | ३४९५७ |
| ७ | श्री जनज्योति मा.वि. | १७३२३७ | १६१२२५ | १२०१२ |
| ८ | भट्कुवा आ.वि. | ६८४३९ | ५४२९६ | १४१४४ |
| ९ | श्री थोर्गा च्युरेक आ.वि. | ५३२१५ | ३९८३२ | १३३८३ |
| १० | श्री भरेक आ.वि. | ५०२२७ | ३३४५५ | १६७७२ |
| ११ | श्री बम्घा आ.वि | ५५५९१ | ४९१०५ | ६४८६ |
| १२ | श्री लक्ष्मी आ.वि. | ६४०२४ | ४८७५७ | १५२६८ |
| १३ | श्री बम्घा टाहाटिम आ.वि. | ६६४६७ | ५१२८४ | १५१८२ |
| १४ | श्री जनसहयोग आ.वि. | ३३१२० | २२३०१ | १०८१९ |
| १५ | श्री जनज्योति प्रा.वि.भट्कुवा | ७६६८ | ६०७६ | १५९२ |
| १६ | श्री सुर्यज्योती प्रा.वि. | ५८८८ | ४७७६ | १११२ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १७ | श्री कालिगण्डकी प्रा.वि. | १४६८० | १२५७० | २११० | | |
| | | | | १८ | श्री रुद्रवेणी प्रा.वि. | ३४७३५ | २५०३५ | ९७०० | | |
| | | | | १९ | यादुंग प्रा.वि. | १७९०१ | १३२८३ | ४६१८ | | |
| | | | | २० | श्री तल्ला ग्वादी प्रा.वि. | १५४३४ | १०२८६ | ५१४८ | | |
| | | | | २१ | श्री कोंद्रा कोलौदी प्रा.वि. | ११७८४ | ६२९० | ५४९४ | | |
| | | | | २२ | श्री प्रतिभा प्रा.वि. | २८५६४ | २५०९४ | ३४७० | | |
| | | | | २३ | श्री शारदा प्रा.वि. | १५४४३ | १४४०७ | १०३६ | | |
| | | | | २४ | श्री अमरदीप प्रा.वि. | २०८२८ | १५९११ | ४९१६ | | |
| | | | | २५ | श्री प्रेम विष्णु देवी प्रा.वि. | १७७९५ | १४९०८ | २८८७ | | |
| | | | | २६ | श्री श्रीन्गेस्वर प्रा.वि. | २९७९९ | २६१३३ | ३६६६ | | |
| | | | | २७ | श्री ज्ञानज्योति प्रा.वि. | १७७१५ | १४८२७ | २८८८ | | |
| | | | | २८ | श्री जनप्रिय प्रा.वि. | १०७८८ | ८५९० | २१९८ | | |
| | | | | २९ | श्री झमादी लामखार्क प्रा.वि. | १७४६३ | १४८०० | २६६३ | | |
| | | | | ३० | श्री जनज्योति प्रा.वि. | २८६२९ | २४२३३ | ४३९५ | | |
| | | | | ३१ | श्री दोबाटा प्रा.वि. | १६८०२ | १४१७४ | २६२८ | | |
| | | | | ३२ | श्री जनजागरण प्रा.वि. | ४६६२ | ३६२६ | १०३६ | | |

| | | | | |
|---|---|---|---|---|
| ३३ | श्री दमार शौरडाँडा प्रा.वि. | ४८९० | ३२२२ | १६६८ |
| ३४ | श्री हरि स्मृति प्रा.वि. | १५०९७ | १२८४८ | २२४९ |
| ३५ | श्री पदमा प्रा.वि. | ९२०९ | ७०१२ | २१९८ |
| ३६ | श्री जलुके बडहरे प्रा.वि. | ३२८५ | २१७३ | १११२ |
| ३७ | श्री माधा प्रा.वि. | २९२०२ | २२९१३ | ६२८९ |
| ३८ | श्री जनजागृति प्रा.वि. | ७४०४ | ५८१२ | १५९२ |
| | जम्मा | २१०१०५४ | १७९३४६३ | ३०७५९० |

| क्र.सं. | भौचर नं. | मिति | विवरण | रकम |
|---|---|---|---|---|
| ५१ | | | **आयकर** आयकर ऐन २०५८ को दफा ८८ अनुसार भत्तामा १५ प्रतिशतका दरले अग्रिम कर कट्टि गर्नुपर्ने व्यवस्था रहेको छ ।कार्यालयले स्वास्थ्य तर्फका कर्मचारीहरुको कोभिड १९ को जोखिम भत्ता भुक्तानी गर्दा १ प्रतिशतले मात्र कर कट्टि गरेको देखिएकोले नपुग कर रकम असुल गरी दाखिला गर्नुपर्ने देखिएको रु | २९०,९४८ |

| भौन ।मिती | जोखिम भत्ता रकम | कट्टिगर्नुपर्ने रकम | कट्टि गरेको रकम | नपुग कर रकम |
|---|---|---|---|---|
| २९८।२०७८।३।२७ | २०१७७९० | ३०२६६८ | २०१७८ | २८२४९०० |
| ३११।२०७८।३।२९ | ६०४१६ | ९०६२ | ६०४ | ८४५८ |
| | | | जम्मा | २९०९४८ |

| क्र.सं. | भौचर नं. | मिति | विवरण | रकम |
|---|---|---|---|---|
| ५२ | 315 | २०७८-३-३० | **कोष रकम** लैङ्गिक हिंसानिवारण कोषमा विनियोजन भएको रकम खर्च नभएमा सम्वन्धित संचित कोषमा रकम फिर्ता गर्नुपर्दछ। कार्यालयले यो वर्ष लैङ्गि हिंसा निवारण सम्वन्धि कार्यक्रम संचालन गर्न संघिय सरकार अनुदान शिर्षकवाट रु १०००००। रकम ट्रान्सफर गरी लैङ्गिक हिंसा निवारण कोषमा जम्मा गरेकोमा सो | १००,००० |

| | | | | |
|---|---|---|---|---|
| | | | रकम खर्च नभएकोले वांकी रकम संघिय सन्चित कोष फिर्ता गर्नु पर्ने देखिएको रु | |
| ५३ | | | **शिर्षक फरक पारी खर्च**<br>महालेखा नियन्त्रक कार्यालयको एकीकृत आर्थिक संकेत तथा वर्गिकरण र व्याख्या २०७४ वमोजिम विनियोजित वजेट सम्वन्धित खर्च शिर्षक अन्तरगत रहि खर्च गर्नुपर्ने उल्लेख छ।पालिकाले करार सेवामा कार्यरत मेडिकल अधिकृत विकास पन्थीलाइ ६ महिनाको तलवभत्ता वापत रु ३००७२० वित्तिय समानिकरण शिर्षकवाट लेख्नु पर्नेमा संघिय सरकार हस्तान्तरित वाट खर्च लेखेको रु. | ३००,७२० |
| ५४ | 270 | २०७८-३-२४ | **सम्झौताको पालना**<br>कार्यालयले व्यक्तिगत घटना दर्ता किताव डिजिटाइजेशन गर्नका लागी रु २४५००० रेडियन्ट इन्फोटेक नेपाल प्रालि लाइ भुक्तानी गरेकोमा सो को सम्झौतामा कति डाटा डिजिटाइजेशन गर्ने हो उल्लेख नगरि एवं आषाढ महिनामा विल पेश गरी भुक्तानी लिएको छ ।सो कार्यको प्रगती प्रतिवेदन एवं सम्झौतामा स्पष्ट विवरण पेश नगरेकोले यसरी भुक्तानी हुन गएको रकम अनियमित देखिएको रु. | २४५,००० |
| ५५ | | | **प्रधानमन्त्रि रोजगार कार्यक्रम**<br>श्रमिकहरुलाइ रोजगार वापतको पारिश्रमिक भुक्तानी गर्दा कार्यविधीमा उल्लेख भएअनुसार रोजगार वापतको पारिश्रमिक भुक्तानी गर्दा वैक मार्फत भुक्तानी गर्नु पर्नेव्यवस्था रहेको छ।गांउ पालिकाको वडान ५ अन्तरगत गुह्यपोखरी मर्मत गर्दा १२ जना कामदार लगाइ रु२५४८८१। भर्पाइको आधारमा ज्याला भुक्तानी गरेको छ।यसरी कार्यविधीले तोके विपरित नगदै ज्याला भुक्तानी गरेको देखिएकोले यसरी वितरित रकम अनियमित देखिएको रु | २५४,८८१ |
| ५६ | 185 | २०७८-३-३ | **प्रयोजन नखुली विवीध खर्च**<br>आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९( १०) वमोजिम कुनैरकमको भुक्तानी दिदा रित पुगे नपुगेको जांच गर्नु पर्ने व्यवस्था छ।कार्यालयवाट विवीध खर्च वापत रु ६९१४५।रेसुङ्गा पार्टि प्यालेस लाइ भुक्तानी गरेकोमा उक्त खर्चलाइ पुष्टयाइ गर्ने आधार प्रमाण वेगर खर्च लेखेको देखिएकोले उक्त खर्चलाइ नियम सम्मत मान्न नसकिने रु | ६९,१४५ |
| ५७ | 255 | २०७८-३-२२ | **कार्यक्रम संचालन नगरी खर्च**<br>गरिवी निवारणका लागी लघुउध्यम विकास कार्यक्रमकको लागी सिलाइ कटाइ तालिम संचालनार्थ रु २९२१२४ खर्चलेखेकोमा सिलाइकटाइ मेसिन १० सिजर ६० पिजन आइरन लगायतका सामग्रिहरु खरिद गरेको विल सम्म पेश गरेको छ।तर उक्त कार्यक्रम संचालन हुन नसकी सामग्री खरिद गरी त्यसै कार्यालयमै रहेको देखिएकोले कार्यक्रम संचालन वेगर खरिद गरेको रकम अनियमित देखिएको रु | २९२,१२४ |
| ५८ | 28 | २०७७-७-२७ | **घटना दर्ता तथा सामाजिक सुरक्षा** | २५,७५५ |

| | | | | |
|---|---|---|---|---|
| | | | घटना दर्ता तथा सामाजिक सुरक्षा सम्वन्धि अभिमुखिकरण ३ दिने तालिममा कार्यालयकै कर्मचारी ११ जनाले प्रशिक्षण भत्ता भुक्तानि लिएकोमा उक्त तालिमको कार्यतालिका समावेश नगरी प्रशासन लेखा सहायक कर्मचारीहरु मात्र संलग्न रहि प्रशिक्षण भत्ता भुक्तानी लएको देखिएकोले सो पाउने आधार पेश गर्ने अन्यथा उक्त रकम दाखिला गर्नुपर्ने देखिएको रु | |
| ५९ | 328 | २०७८-३-३० | **रित बेगरको खर्च**<br>आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९( १०) वमोजिम कुनैरकमको भुक्तानी दिदा रित पुगे नपुगेको जांच गर्नु पर्ने व्यवस्था छ।पालिकाले घटना दर्ता तथा सामाजिक सुरक्षा दर्ता स्थानिय भत्ता पोशाक लगायत अन्य प्रशासनिक खर्चमा रु ५९६०८४।खर्च लेखेको देखिएको छ।उक्त खर्चलाइ पुष्याइ गर्ने प्रमाण कागजाद तथा खर्चको पंजिका सहितको विवरण संलग्न नगरी आर्थिक वर्षको अन्यमा एकमुष्ट खर्च लेखेको देखिएकोले कार्यक्रम सहितको प्रमाण कागजात पेश गर्नु पर्ने देखिएको रु | ५९६,०८४ |
| ६० | | | **पेश्की फर्छ्यौट**<br>पेश्की फर्छ्यौट १०३।२०७७।११।१७ र १९४।२०७८।३।६ मेडपा उध्यमशिलता विकाश तालिम संचालनार्थ निर्मल पोखरेलले रु १०००००। पेश्कीलिइ फर्छ्यौट गरेकोमा कुनकुन वडामा कहिले संचालन भएकोहो सो नखुल्ने साथै कार्यक्रम नै संचालन नगरी खाजाखर्च वापत विलमामिती नै नखोली रु९६००० संचार खर्च वापत रु २००० र व्यानर खर्च वापत रु २०००।गरी रु १००००० पेश्कि फर्छौट गरेको देखिएकोले उक्तकार्यक्रम संग सम्वन्धित कार्यमा खर्च भएको नदेखिएकोले उक्त रकम दाखिला गर्नु पर्ने देखिएको रु. | १००,००० |
| ६१ | | | **आन्तरिक लेखापरीक्षण**<br>आन्तरिक लेखापरीक्षण (कार्यविधि) निर्देशिका, २०६८ को दफा १(६) को उपदफा (ख) मा प्रत्येक चौमासिक अवधि व्यतीत भएको एक महिनाभित्र अनिवार्यरुपमा आन्तरिक लेखापरीक्षण सम्पन्न गर्नुपर्ने र सोही दफाको उपदफा (ग) मा आन्तरिक लेखापरीक्षण सम्पन्न भएको १५ दिनभित्र प्रतिवेदन तयार गरी सम्बन्धित कार्यालयलाई उपलव्ध गराउनु पर्ने उल्लेख छ । कार्यालयमा आन्तरीक लेखापरीक्षण शाखा गठन भई आन्तरिक लेखापरिक्षक पदपुर्ति भएता पनि चौमासिक रुपमा लेखापरीक्षण भएको छैन । चौमासिक लेखापरीक्षण गरी सोको चौमासिक रुपमा प्रतिवेदन जारी गर्नुपर्दछ। आन्तरिक लेखापरीक्षणबाट देखिएका व्यहोराहरु निम्नानुसार छन्; | |
| ६१.१ | | | भौ.न. ६७, २०७७/०८/२३ बाट, गाउँपालिकाका कर्मचारीहरुको मङ्सिर महिनाको तलब भुक्तानी गर्दा कार्यालय सहयोगी कुलानन्द सापकोटालाई ४ ग्रेड बापत रु ३५४४। भुक्तानी गर्नुपर्नेमा ८ ग्रेड बापत रु.७०८८ भुक्तानी गरेकोले बढी भुक्तानी रकम रु.३५४४। असुल हुनुपर्ने रु. | ३,५४४ |
| ६१.२ | | | दोहोरो सुविधा : भ्रमण खर्च नियमावली, २०६४ को नियम ७ को उपनियम ११ बमोजिम सरकारी कामको सिलसिलामा | ५,८१४ |

| | | | | |
|---|---|---|---|---|
| | | | भ्रमणमा रही दैनिक भ्रमण भत्ता उपभोग गर्ने पदाधिकारी वा कर्मचारीले दैनिक भत्ता उपभोग गरेको अवधिभर फिल्ड भत्ता, बैठक भत्ता, तालिम भत्ता, स्थानीय भत्ता वा अन्य कुनै किसिमको भत्ता नपाउने व्यवस्था छ ।भौ.न. १७६, २०७७/११/२६ बाट, गरिब घर परिवार पहिचान कार्यक्रमको सुपरीवेक्षक तथा गणकको अन्तर्वार्ताको लागि पाल्पादेखि भविश्वर घिमिरेलाई आमन्त्रण गरी मिति २०७७/०९/२५ देखि २०७७/०९/२९ सम्मको दैनिक भ्रमण भत्ता रु.८१००/- भुक्तानी भएको छ ।सोको अतिरिक्त पौष २७, २८ र २९ गते गरी ३ दिनको दैनिक २ वटा बैठक गरी ६ वटा बैठकको भत्ता कर बाहेक रु.५८१४/- भुक्तानी भएकोले दोहोरो भुक्तानी असुल हुनुपर्ने रु. | |
| ६१.३ | | | भौ.न. २९२, २०७८/०३/२६ बाट, पारिश्रमिक कर कट्टी बापत रु.३४५०। कट्टा गर्नुपर्नेमा रु.१७२५। मात्र कट्टी भएकोले कम कट्टी असुल हुनुपर्ने रु. | १,७२५ |
| ६१.४ | | | भौ.न. १९४, २०७८/०३/२५ बाट, बलेटक्सार-ज्ञवा मा.वि. नयाँ भवन मोटरबाटो निर्माण गर्दा ढुंगा तथा बालुवा ढुवानी बापत रु.५११४००/- भुक्तानी गरेकोमा ढुवानीमा करकट्टी नगरेको रु. | ५,१४० |
| ६२ | | | **नीति तथा कार्यक्रम कार्यान्वयन**<br>पालिकाले बार्षिक नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्दा दीर्घकालीन सोच, लक्ष्य, उद्धेश्य र प्राथमिकताका क्षेत्रहरु निर्धारण गरी नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ का प्रावधान, पन्ध्रौ योजना, योजना आयोगको मार्गदर्शन, दिगो विकासका लक्ष्य तथा संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको नीति तथा निर्देशन अनुरुप नीति तथा कार्यक्रम तर्जुमा गर्नुपर्दछ। पालिकाले आ.ब २०७७/७८ का लागि तय गरेका बार्षिक नीति कार्यक्रमहरु कार्यान्वयन गर्नुपर्दछ। नीति तथा कार्यक्रमको कार्यान्वयन सम्बन्धमा परिक्षण गर्दा पालिकाले सामाजिक विकास तर्फ १०, आर्थिक विकास तर्फ ११, पूर्वाधार विकास तर्फ ११, वन वातावरण तथा विपद् व्यवस्थापन तर्फ १४, संस्थागत विकास क्षमता अभिवृद्धि र सुशासन तर्फ १४ समेत ६० नीति तथा कार्यक्रमहरु कार्यान्वयन गरेको देखिएन। कार्यान्वयन गर्न सकिने नीति तथा कार्यक्रमहरु मात्र बार्षिक कार्यक्रमहरुमा समावेश गरी कार्यान्वयन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ। | |
| ६३ | | | अनुगमन तथा संपरिक्षण<br>क)अनुगमन तथा सम्परीक्षण – स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ ।सोही एनको दफा ८४(२)(घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्षको लेखापरीक्षणको क्रममा सम्परीक्षण गराएको छैन ।गत बर्षसम्मको बाँकी बेरुजु निम्नानुसार रहेको छ ।<br>रु. हजारमा | |

| गत वर्षसम्मको बेरुजू (A) | यो वर्ष संपरीक्षण गरिएको बेरुजू (B) | गत बर्षसम्मको बाँकी बेरुजू (C=A-B |
|---|---|---|
| १९२५२ | १३५० | १७९०२ |

ख) संपरीक्षण आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ४० बमोजिम कार्यालयबाट आर्थिक बर्ष विभिन्नमा कायम बेरुजु मध्ये रु१३४९९९५. बेरुजु फछ्यौट गरी लगत कट्टाको लागि पेश भएकोमा रु.१३४९९९५ को लगत कट्टा गर्न मनासिव देखिएको छ ।

| आर्थिक बर्ष | दफा नं. | बेरुजुको विवरण | | अनुरोध रकम | संपरीक्षण रकम |
|---|---|---|---|---|---|
| 2०७5।२०७6 | १५ | कर्मचारी कल्याणकोषमा जम्मा गरेको रकम मिती २०७८।३।३१ मा संचितकोष टान्सफर गरेको वैक स्टेटमेन्ट र कार्यालयले गोभौन मिती २०७७।१२।८ को गो भौ न वाट रकम ट्रान्सफर गरेको प्रमाणको आधारमा आधारमा सम्परीक्षण गरिएको रु | | १०००००० | १०००००० |
| | ३७ | निम्नानुसारको पदाधिकारीले नपाउने दशै सुविधा वापतको रकम असुल गरी दाखिलाभइ आएकोले सम्परीक्षण गरिएको रु | | १९७००० | १९७००० |
| | | पदाधिकारीको नाम | रकम | | |
| | | लक्ष्मीदेवी पन्थ | २७००० | | |
| | | रामलाल विक | २७००० | | |
| | | फर्शुराम ज्ञवाली | २०००० | | |
| | | बुद्धिमति लामिछाने | १२००० | | |
| | | अञ्जु कँडेल खत्री | १२००० | | |
| | | सोम बहादुर नेपाली | १२००० | | |
| | | शोभराज रेग्मी | ७००० | | |
| | | सिता कामी | ७००० | | |
| | | भगवती बराल सुनार | १२००० | | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | हरिकला बराल | १२००० | | | | |
| | | | | | | सरिता नेपाली | ७००० | | | | |
| | | | | | | राज कुमार श्रेष्ठ | ७००० | | | | |
| | | | | | | सिद्धिनाथ श्रेष्ठ | ७००० | | | | |
| | | | | | | तिल कुमारी थापा | ७००० | | | | |
| | | | | | | दिल माया गन्धर्ब | ७००० | | | | |
| | | | | | | सोम नाथ पौडेल | ७००० | | | | |
| | | | | | | मोतिराम श्रेष्ठ | ७००० | | | | |
| | | | | | | | १९७००० | | | | |
| | | | | | ४२ | निम्नानुसारका पदाधिकारीले नियमानुसार नपाउने अतिरिक्त सुविधा वापत को खर्च भुक्तानी लिएकोमा संचितकोष दाखिला भइ आएकोले सम्परीक्षण भएको रु | | १४८९९५ | १४८९९५ | | |
| | | | | | | पदाधिकारीको नाम | रकम | | | | |
| | | | | | | लक्ष्मीदेवी पन्थ | ४००९५ | | | | |
| | | | | | | रामलाल विक | २९७०० | | | | |
| | | | | | | फर्शुराम ज्ञवाली | २९७०० | | | | |
| | | | | | | बुद्धिमति लामिछाने | २९७०० | | | | |
| | | | | | | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | हरिकला बराल | १९८०० | | | |
| | | | | | जम्मा | १४८९९५ | | | |
| | | | | ३३.० | सामाजिक सुरक्षा भत्ता वढि भुक्तानी भएकोमा भौन ०८१०९७७० वाट मिती २०७७।१२।९ मा संघिय संचित कोषमा रु ४००० दाखिला भएको प्रमाण पेश हुन आएकोले संपरिक्षण गरिएको रु | | ४००० | ४००० | |
| | | | | | जम्मा | | १३४९९९५ | १३४९९९५ | |

ग) अद्यावधिक वेरुजु - यस पालिकाको २०७६।७७ सम्मको फछ्यौट गर्न बाँकी बेरुजुको स्थिति देहाय अनुसार रहेको छ

रु.हजारमा

| गत वर्ष सम्मको बाँकी बेरुजू (A) | यो वर्ष संपरीक्षण गरिएको बेरुजू (B) | यो वर्ष कायम बेरुजू (C) | संपरीक्षणबाट कायम बेरुजू (D) | अध्याविधक बाँकी बेरुजू (E=A-B+C+D) |
|---|---|---|---|---|
| १७९०२ | ० | | ० | |